स्वर्गद्वारी नगरपालिकाको

# जलवायु तथा विपद् जोखिम पार्श्वचित्र

# २०७९

## स्वर्गद्वारी नगरपालिका

प्यूठान, लुम्बिनी प्रदेश

# जलवायु तथा विपद् जोखिम पार्श्वचित्र तयारीमा संलग्न निकायहरू

आर्थिक तथा प्राविधिक सहयोग

**कृषि तथा जीविकोपार्जन प्रबर्द्धन परियोजना**

**(GOAL–II)**

स्वर्गद्वारी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

भिंगु,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

स्था : २०७३

"व्यावसायिक र सिर्जनशील प्रशासन
विकास, समृद्धि र सुशासन"

info@swargadwarimun.gov.


आ.ब. : २०७८/०७९
च.नं.

मिति : २०७९/०२/३०

## शुभकामना

जलवायु परिवर्तन हाल विश्वव्यापी रुपमा देखा परेको एक गम्भिर चासो र चुनौतिको विषय हो । जलवायु परिवर्तनको मूख्य कारण आद्योगिकरण, वन विनाश, अव्यवस्थित शहरीकरण, सवारी साधनको बढ्दो प्रयोग जस्ता बिभिन्न मानवीय क्रियाकलापहरुद्वारा उत्सर्जित हरित गृह ग्यास नै हो । विश्वको कूल हरितगृह ग्याँस उत्सर्जनमा नगन्य भूमिका भएता पनि नेपाल जलवायु परिवर्तनका प्रतिकूल असरहरुको उच्च जोखिम रहेका राष्ट्रहरु मध्येको एक हो । जलवायु परिवर्तनका कारणले सिर्जित विभिन्न चुनौतीहरु नेपालले पनि भोग्दै आएको छ । अतिबृष्टि, अनाबृष्टि, खण्डबृष्टिका साथै बाढी, पहिरो, सुख्खा, खडेरी, अतिजाडो, अतिगर्मी, आगलागि जस्ता प्राकृतिक तथा जलवायुजन्य विपद्हरु दिनदिनै बढ्दो क्रममा रहेका छन । जलवायु परिवर्तन संकटासन्नता स्तरीकरणमा अति उच्च संकटासन्न स्तरमा रहेको प्यूठान जिल्लाको स्वगद्वारी नगरपालिका पनि यस्ता जलवायुजन्य प्रकोपहरुको असरहरुबाट अछुतो रहेको छैन ।

यसै सन्दर्भमा स्वर्गद्वारी नगरपालिकामा जलवायुजन्य विपद्हरु, जलवायु परिवर्तनको जोखिमको अवस्था र भविश्यमा पर्न सक्ने असरलाई मध्यनजर गर्दै जलवायु र विपद्को बुझाईको विकासको लागी सम्भाव्य जोखिमको आँकलन र सम्बोधन गर्दै जलवायु तथा विपद् उत्थानशिल विकासको अवधारणा अनुशरण गर्नु अपरिहार्य हुनुको साथै विकास निर्माणका नीति, रणनीति, योजना र कार्यक्रमहरुमा जलवायु तथा विपद् जोखिमको विषयलाई मूलप्रवाहिकरण गर्ने हेतुले यो पार्श्वचित्र तयार गरिएको छ । यो पार्श्वचित्रले जलवायु परिवर्तनको वर्तमानको अवस्था, मूख्य प्रकोपहरुको विश्लेषण, जलवायु परिवर्तनले भविश्यमा पार्न सक्ने असर, प्रकोपको तिब्रतामा आउने घटनाक्रम आदिलाई समेटेको छ । यसले आगामी दिनहरुमा जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनलाई नगरपालिकाको विकासका कार्यक्रममा मूलप्रवाहिकरण गर्नका लागी मार्ग प्रशस्त गर्नुका साथै नगरपालिकाको योजना तर्जुमा प्रक्रियालाई तथ्यमा आधारित एवम् जलवायु तथा बिपद् उत्थानशिल बनाउन टेवा पुर्याउने छ भन्ने अपेक्षा लिएको छु ।


अन्तमा, यस स्वर्गद्वारी नगरपालिकाको जलवायु तथा विपद् जोखिम पार्श्वचित्र २०७९ तयार गरी प्रकाशन गर्न सहजीकरण गर्ने अष्ट्रेलिएन एडको आर्थिक सहयोगमा आड्रा नेपाल, रुपान्तरण र स्थानीय साझेदार संस्था फुलवारी एकिकृत ग्रामीण विकास संस्था नेपालद्वारा सञ्चालित कृषि तथा जीविकोपाजन प्रवर्द्धन (GOAL-II) परियोजनालाई स्वर्गद्वारी नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद् दिन चाहान्छु ।


धन्यवाद !

टेक प्रसाद भण्डारी
नगर प्रमूख


इमेल : swargadwarimunicipality01@gmail.com, वेब साइट : www.swargadwarimun.gov.np, फ्याक्स : ०८६४००११७, नगर प्रमुख : ०८६४००११६, नगर उप-प्रमुख : ०८६४००११९ प्रमुख प्रशासकीय अधिकृत : ०८६४००१०१, योजना तथा प्रशासन : ०८६४००११५, लेखा तथा स्टोर : ०८६४००१०१,शिक्षा शाखा : ०८६४००१०१, कृषि-पशु तथा स्वास्थ्य : ०८६४००११८, सूचना तथा प्रविधि शाखा तथा पंजीकरण शाखा : ०८६४००११७

# विषय-सूची


**परिच्छेद १: पृष्ठभुमि ........ १**

१.१ भुमिका ........ १

१.२ जलवायु तथा बिपद् जोखिम पार्श्वचित्रको आवश्यकता, औचित्य तथा उद्देश्यहरू ........ १

**परिच्छेद २ : स्वर्गद्वारी नगरपालिकाको पृष्ठभुमि ........ ३**

२.१ भौगोलिक अवस्थिती र भु–वनावट ........ ३

२.२ जनसंख्या ........ ३

२.३ आर्थिक, सामाजिक तथा मानवीय अवस्था ........ ३

२.४ प्राकृतिक श्रोत तथा भु–उपयोगको अवस्था ........ ४

२.५ उर्जाको अवस्था ........ ५

२.६ भौतिक पुर्वाधार तथा सामूदायिक विकास ........ ५

**परिच्छेद ३ : जलवायु परिवर्तनको अवस्था ........ ६**

३.१ जलवायु परिवर्तनको क्रम र परिदृष्य विश्लेषण (Climate Change Trend and Scenario Analysis) ........ ६

३.१.१ जलवायु तथा मौसमको अवस्था ........ ६

३.१.१.१ तापक्रमको प्रबृत्ति ........ ६

३.१.१.२ स्वर्गद्वारी नगरपालिकाको हालको तापक्रमको अवस्था ........ ६

३.१.१.३ स्वर्गद्वारी नगरपालिकाको तापक्रम प्रक्षेपण (सन् २०५०) नक्सा ........ ७

३.१.१.५ वर्षाको प्रबृत्ति ........ ८

३.१.१.६ स्वर्गद्वारी नगरपालिकाको हालको बर्षाको अवस्था ........ ९

३.१.१.७ स्वर्गद्वारी नगरपालिकाको बर्षाको प्रक्षेपण (सन् २०५०) नक्सा ........ ९

३.२ प्युठान जिल्लाको भविष्यमा तापक्रम तथा वर्षामा हून सक्ने परिवर्तनको परिदृष्य ........ १०

३.२.१ प्युठान जिल्लाको वर्षाका सुचकहरूमा भविस्यमा हून सक्ने परिवर्तनको परिदृष्य ........ १०

३.२.२ प्युठान जिल्लाको तापक्रमका सुचकहरूमा भविस्यमा हून सक्ने परिवर्तनको परिदृष्य ........ ११

**परिच्छेद ४: बिपद् जोखिमको अवस्था तथा बिश्लेषण ........ १३**

४.१ गृह मन्त्रालयको विपद् अभिलेखिकरण अनूसार स्वर्गद्वारी नगरपालिकाको बिपद्का घटनाहरूको बिवरण ........ १३

४.२ सहभागितामूलक बिधिद्वारा संकलित तथ्याङ्क अनूसार स्वर्गद्वारी नगरपालिकाका प्रमूख प्रकोपहरू र तीनका असर तथा प्रभावहरू ........ १५

४.३ स्वर्गद्वारी नगरपालिकाको बिपद् जोखिमको अवस्था ........ १५

**परिच्छेद ५ : निष्कर्ष तथा भावी कार्यदिशा ........ २२**

**सन्दर्भ सामाग्रीहरू ........ २३**

**अनूसुचीहरू ........ २४**


## चित्र सुची


चित्र नं. १ : स्वर्गद्वारी नगरपालिकाको प्रशासनिक नक्शा ........ ३

चित्र नं. २ : स्वर्गद्वारी नगरपालिकाको भु–उपयोगको नक्सा ........ ५

चित्र नं. ३ : मध्य पश्चिम क्षेत्रको बार्षिक औषत तापक्रम ........ ६

चित्र नं. ४ : स्वर्गद्वारी नगरपालिकाको हालको औषत तापक्रम नक्सा ....................................................७
चित्र नं. ५ : स्वर्गद्वारी नगरपालिकाको तापक्रम प्रक्षेपण (सन् २०५०) ....................................................८
चित्र नं. ६ : स्वर्गद्वारी नगरपालिकाको कुल वार्षिक बर्षाको प्रबृत्ति ....................................................८
चित्र नं. ७ : स्वर्गद्वारी नगरपालिकाको औषत बर्षाको नक्सा ....................................................९
चित्र नं. ८ : स्वर्गद्वारी नगरपालिकाको औषत बार्षिक बर्षाको प्रक्षेपण (सन् २०५०) ....................................................१०
चित्र नं. ९ : स्वर्गद्वारी नगरपालिकामा बिपद्का घटनाहरूको प्रबृत्ति ....................................................१४
चित्र नं. १ : स्वर्गद्वारी न.पा.को पहिरोको जोखिम नक्सा ....................................................१७
चित्र नं. ११ : स्वर्गद्वारी नगरपालिकाको बाढी जोखिम नक्शा ....................................................१८
चित्र नं. १२ : स्वर्गद्वारी नगरपालिकाको आगलागी जोखिम नक्शा .................................................... २०
चित्र नं. १३ : स्वर्गद्वारी नगरपालिकाको खडेरी जोखिम नक्शा .................................................... २१

## तालिका सूची

तालिका १ : स्वर्गद्वारी नगरपालिकाको भु–उपयोगको विवरण ....................................................५
तालिका २ : प्युठान जिल्लाको भविष्यमा तापक्रम तथा वर्षामा हून सक्ने परिवर्तनको परिदृष्य ....................................................१०
तालिका ३ : प्युठान जिल्लामा बर्षाका सूचकहरूमा भविस्यमा हून सक्ने परिवर्तनको परिदृष्य....................................................११
तालिका ४ : प्युठान जिल्लामा तापक्रमका सूचकहरूमा भविस्यमा हून सक्ने परिवर्तनको परिदृष्य ....................................................११
तालिका ५ : स्वर्गद्वारी नगरपालिकाको बिपद्का घटनाहरूको बिवरण ....................................................१३
तालिका ७ : स्वर्गद्वारी नगरपालिकाका प्रमूख प्रकोपहरू र तीनका असर तथा प्रभावहरू....................................................१५
तालिका ७ : पहिरोको जोखिमको आधारमा स्वर्गद्वारी न.पा.को भु–भागको बर्गिकरण.................................................... १६
तालिका ८ : पहिरोको जोखिम स्थानहरू.................................................... १६
तालिका ९ : बाढीको जोखिमको आधारमा स्वर्गद्वारी नगरपालिकाको भु–भागको बर्गिकरण ....................................................१७
तालिका १० : बाढीको जोखिम क्षेत्रहरू ....................................................१८
तालिका ११ : आगलागीको जोखिमको आधारमा स्वर्गद्वारी नगरपालिकाको भु–भागको बर्गिकरण ....................................................१९
तालिका १२ : आगलागीको जोखिम क्षेत्रहरू....................................................१९
तालिका १३ : खडेरीको जोखिमको आधारमा स्वर्गद्वारी नगरपालिकाको भु–भागको बर्गिकरण.................................................... २०
अनूसुची १ : स्वर्गद्वारी नगरपालिकाका पहिरोका घटनाहरू र सोका असर तथा प्रभावहरू ....................................................२४
अनूसुची २ : स्वर्गद्वारी नगरपालिकाका बाढीका घटनाहरू र सोका असर तथा प्रभावहरू ....................................................२८
अनूसुची ३ : स्वर्गद्वारी नगरपालिकाका खडेरीका घटनाहरू र सोका असर तथा प्रभावहरू....................................................२९
अनूसुची ४ : स्वर्गद्वारी नगरपालिकाका आगलागिका तथा वन डढेलोका घटनाहरू र सोका असर तथा प्रभावहरू ............. ३२

# परिच्छेद १: पृष्ठभुमि

## १.१ भुमिका

जलवायु परिवर्तन विश्वव्यापीरूपमा देखा परेको एक गम्भीर चासो र चुनौतीको विषय हो। औद्योगिकीकरण, वन विनाश तथा वन क्षयिकरणका साथै अव्यवस्थित शहरीकरण, सवारी साधनको बढ्दो प्रयोग जस्ता विभिन्न मानवीय क्रियाकलापहरूका कारणले गर्दा हरितगृह ग्याँसहरूको अत्याधिक उत्सर्जनले जलवायु परिवर्तन भईरहेको तथ्य वैज्ञानिक रूपमा पुष्टि भईसकेको छ। तापक्रममा वृद्धि र वर्षाको प्रकृति तथा प्रवृत्ति (अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि) मा परिवर्तन भईरहेको सबैले महशुस गरिरहेका छन्। समयमा पानी नपर्ने, परेपनि मुसलधारे पानी पर्ने, गर्मी बढ्ने, पानीका मुलहरू सुक्ने, बाढी/पहिरो आउने जस्ता प्रकोपहरू हरेक वर्ष बढ्दै गईरहेका छन्। यसर्थ अहिले जलवायु परिवर्तन संसारकै प्रमुख समस्याको विषय बनेको छ। अझ प्राकृतिक श्रोत माथि निर्भर रहने, भौगोलिक विविधता भएको र संवेदनशील क्षेत्रहरू भएको हाम्रो जस्तो कम विकसित गरीब राष्ट्रहरूमा त यो झन ठूलो समस्याको रूपमा देखा पर्न थालेको छ।

जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरूलाई सम्बोधन गर्न नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहलकदमी लिंदै आईरहेको छ। जलवायु परिवर्तनका प्रभावहरूको जोखिम न्यूनिकरण गर्दै उत्थानशील समाजको निर्माण गर्ने तर्फ विभिन्न तह र विषयगत क्षेत्रहरूमा नीतिगत मार्गनिर्देश गर्ने उद्देश्यले जलवायु परिवर्तन नीति २०७६ लागू हुनुको साथसाथै र राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७ तयार गरी सो लाई स्थानीय तहमा कार्यान्वयन गर्न स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना अनुसार स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयनमा आईरहेको छ। त्यसै गरी नेपालले राष्ट्रिय अनुकुलन योजना (National Adaptation Plan_ / Enhanced Nationally Determined Contribution (eNDc) तयार गरी अनुमोदन गरिसकेको छ भने प्राकृतिक तथा गैर प्राकृतिक बिपद्हरूको सम्बोधन गर्नको लागि बिपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ तथा नियमावली २०७६ पनि तयार भई कार्यान्वयनमा रहेका छन्। यसरी नै वतावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०७७ मा जलवायु परिवर्तन सम्बन्धी प्रावधानहरू समावेश भई कानूनी रूप प्राप्त गरेको छ। यस ऐनले स्थानीय तह र प्रदेश तहले अनुकूलन योजना तर्जूमा गर्ने र यसका लागि जलवायु तथा विपद् जोखिम पार्श्वचित्र तयार गरी कायान्वयन गर्नु पर्ने अपेक्षा गरेको छ।

त्यसैले यस जलवायु तथा विपद् जोखिम पार्श्वचित्रले स्वर्गद्वारी नगरपालिकालाई बैज्ञानिक तथ्यमा आधारीत जलवायु परिवर्तन तथा बिपद् जोखिम संबेदनशील क्षेत्र पहिचान गरी जलवायु मैत्री तथा उत्थानशील योजना तर्जूमा प्रक्रियामा सहयोग गर्ने अपेक्षा लिईएको छ।

## १.२ जलवायु तथा बिपद् जोखिम पार्श्वचित्रको आवश्यकता, औचित्य तथा उद्देश्यहरू

नेपालको शासकीय संरचना संघ, प्रदेश र स्थानीय तह सहितको संघीय प्रणालीमा पुनसँरचना भएको छ। यो परिवर्तित संरचनासँगै विकास निर्माण, स्रोत साधन व्यवस्थापन र जनजीविकासँग सम्बन्धी काम, कर्तव्य र अधिकार धेरै हदसम्म स्थानीय तहमा निहित रहेको छ। स्थानीय सरकारहरूको (गाउँपालिका र नगरपालिकाहरूको) निर्माण भए सँगै स्थानीय सरकारले विभिन्न क्षेत्रमा संघिय सरकारको ऐन नियमसँग नबाझिने गरी आफ्नै कानुन, नीति नियम बनाउने अधिकार समेत प्राप्त गरेका छन्। स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाहरूलाई आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक तथा वार्षिक क्षेत्रगत योजना बनाउन सक्ने अधिकार सुनिश्चित गरेको छ। यसले योजना निर्माणको प्रकृयामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई आधार बनाउनु पर्ने कुरा समेत उल्लेख गरेको छ। यसका अलावा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) कार्यविधि, २०७७ मा 'वातावरण संरक्षण तथा बिपद् व्यवस्थापन'सूचक अन्तरगत बिपद् जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गर्नुपर्ने प्राबधान समाबेश गरिएको छ। यी प्रावधानहरूले स्थानीय तहका योजनाहरूमा जलवायु परिवर्तनलाई एकीकृत गर्दै विकासका योजनाहरूलाई उत्थानशिल बनाउने अवसर सृजना गरेका छन्।

यस अनुरूप स्वर्गद्वारी नगरपालिकाले पनि विभिन्न ऐन, नियमावली, कार्यविधि बनाएर कृषि, सडक, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रहरूमा विकासका कामलाई द्रुतरूपमा अगाडि बढाएको पाइन्छ। एकातिर विकासका पूर्वाधारहरू निर्माण कार्य द्रुतरूपमा अगाडि बढेका छन् भने अर्कोतिर जलवायु परिवर्तनका कारण सिर्जित जलवायु जन्य बिपद्हरूको बढ्दो असरका कारण विकासका कार्यक्रम, प्रयासहरू एवम् उपलब्धिहरूमा नकरात्मक असर पर्ने सम्भावना प्रबल रहेको विभिन्न वैज्ञानिक अध्ययन अनुसन्धानले देखाएका छन् जसले गर्दा विकासका प्रयासहरू दीगो हुन सकिरहेको छैनन। तसर्थ विकासलाई जलवायु एवं विपद् उत्थानशील बनाउन जरुरी भएको छ। यी विषयहरूलाई मध्यनजर गर्दै स्थानीय सरकारले शासकिय प्रणालीमा भएको परिवर्तनसँगै संरचनागत रूपमा विभिन्न क्षेत्रहरू जस्तैः कृषि, वन, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरूमा आ–आफ्नै नीति नियम, ऐन, कार्यविधि बनाएर विकासका कामलाई तिव्रता दिने क्रम जारी छ।


यसै सन्दर्भमा वन तथा वातावरण मन्त्रालयको पछिल्लो प्रतिवेदन (Vulnerability and Risk Assessment and Identifying Adaptation Options, MoFE,2021) अनुसार प्यूठान जिल्ला जलवायु परिवर्तन संकटासन्नता स्तरीकरणमा अति उच्च संकटासन्न जिल्लामा पर्दछ । त्यस्तै उक्त प्रतिवेदन अनुसार स्वर्गद्वारी नगरपालिको संकटासन्नता ०.५७४ छ भने सम्मुखता, संवेदनशिलता र अनुकुलन क्षमता क्रमश ०.२५५, ०.८२२ र ०.४७३ रहेका छन् ।

यसै सन्दर्भमा स्वगद्वारी नगर पालिकामा जलवायु, जलवायु जन्य विपद्हरू, जलवायु परिवर्तनका जोखिमको अवस्था र भविष्यमा पार्न सक्ने असरलाई मध्यनजर गर्दै, जलवायु र विपद्को जोखिमबारेको बुझाई विकासको लागि र सम्भाव्य जोखिमको आँकलन र सम्बोधन गर्दै जलवायु र विपद् उत्थानशिल विकासका अवधारणा अनुशरण गर्नु अपरिहार्य भएको र विकास निर्माणका नीति, रणनीति योजना र कार्यक्रमहरूमा जलवायु तथा विपद्जोखिमको विषयलाई मूलप्रवाहिकरण गर्ने हेतुले यो पार्श्वचित्र तयार गरिएको छ । यो पार्श्वचित्रले जलवायु परिवर्तनको वर्तमानको अवस्था, मुख्य प्रकोपको विश्लेषण, जलवायु परिवर्तनले भविष्यमा पार्न सक्ने असर, प्रकोपको तिव्रतामा आउने घटनाक्रम आदिलाई समेटेको छ। यसले जलवायु परिवर्तन र विपद्जोखिम व्यवस्थापनलाई विकासका कार्यक्रममा मूलप्रवाहिकरण गर्नको लागि स्थानीय तहको मार्ग प्रशस्त गर्ने उद्देश्य लिएको छ। यस पार्श्वचित्र विशेष गरी भौगोलिक सूचना प्रणालीमा आधारित रहि तर्जूमा गरिएता पनि पार्श्वचित्रमा भएका सूचनाहरूलाई स्थानीय तहका पदाधिकारीहरू र कर्मचारीहरूसंग अन्तरक्रिया गरी तयार गरिएको छ। यस पार्श्व चित्रका मुख्य उद्देश्य स्थानीय तहहरूको विकास योजना तर्जुमा प्रक्रियालाई जलवायु उत्थानशिल बनाउनका लागि जलवायु र जलवायुजन्य विपद्का सूचना सम्प्रेषण गर्नु रहेको छ।

# परिच्छेद २ : स्वर्गद्वारी नगरपालिकाको पृष्ठभुमि

## २.१ भौगोलिक अवस्थिती र भु–बनावट

लुम्बिनी प्रदेशको एक सुन्दर र ऐतिहासिक पहाडी जिल्ला प्यूठानमा २ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी जम्मा ९ वटा स्थानीय तहहरू रहेका छन् जस मध्येको एक हो स्वर्गद्वारी नगरपालिका। साविकका सातवटा गा.वि.स.हरू कोचीवाङ्ग, स्वर्गद्वारी, भिंग्री, गोठीवाङ्ग, सारी, बेलबास र बर्जीवाङ्ग गा.बि.स.लाई समेटेर बनाईएको यस स्वर्गद्वारी नगरपालिकालाई ९ वटा वडाहरूमा बिभाजन गरिएको छ। भौगोलिक हिसाबले ८२°४५' देखि ८२°५७' ३०" पूर्बी देशान्तर र २७° ५७' ३०" देखि २८° ०३' उत्तरी अक्षांशमा अवस्थित रहेको नगरपालिकाको पूर्वमा प्यूठान नगरपालिका, पश्चिममा रोल्पा जिल्लाको रुन्टीगढी गाउँपालिका, उत्तरमा रोल्पा जिल्लाको सुनिलस्मृती गाउँपालिका र दक्षिणमा माण्डवी र बंगलाचुली गाउँपालिका पर्दछन्। कुल क्षेत्रफल २२४.७ वर्ग कि. मि. रहेको यस नगरपालिका समुन्द्र सतहबाट करिब ५५८ मिटर देखि २,११३ मिटर सम्मको उचाईमा रहेको छ (श्रोत : स्वर्गद्वारी न.पा.को पार्श्वचित्र, २०७४)। नेपालको प्रशिद्ध धार्मिक तिर्थस्थल स्वर्गद्वारी यसै नगरपालिकामा अवस्थित छ।




चित्र नं. १ : स्वर्गद्वारी नगरपालिकाको प्रशासनिक नक्शा

## २.२ जनसंख्या

राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३०,९४० रहेको देखिन्छ। जस मध्ये महिलाको संख्या १८,१५५ (५८.६८%) र पुरुषको संख्या १२,७८५ (४१.३२%) रहेको छ। साथै राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकामा कूल घरधुरी ८४०० रहेका छन् भने कूल जनसंख्या ३२१२७ रहेको छ जस मध्ये महिलाको संख्या १८,०८६ (५६.३ %) र पुरुष १४,०४१ (४३.७ %) रहेको छ।

## २.३ आर्थिक, सामाजिक तथा मानवीय अवस्था

यस नगरपालिकाका बासिन्दाहरूको प्रमुख पेशा कृषि भएता पनि रोजगारीको लागि विदेशिने (खासगरी भारत र खाडी मुलुकमा जाने) को संख्या उल्लेखनीय छ। विपन्न परिवारहरूको हकमा अधिकांश कृषि तथा बिभिन्न निर्माण कार्यमा ज्यालामजदुरीमा संलग्न रहेको पाइन्छ। विदेश जाने क्रम युवाहरूमा दिन प्रति दिन बढ्दो रहेको छ।

कृषि अर्न्तगत यहाँका अधिकांश भू–भागमा वर्षामा पाखोमा मकै खेती र सिंचित खेतमा धान खेती गरिन्छ भने हिउँदमा गहुँ र जौंको खेती गरिन्छ। यस न.पा.मा मकै उत्पादन राम्रो हुने गर्दछ। न.पा.को खाद्यन्न उत्पादनले वर्षभरी खान नपुग्ने हुँदा नजिकका बजारहरू जस्तै धरमपानी, भिंग्री वजार र दाङको सिउजाबाट खाद्यन्न खरिद गरी आपुर्ति गर्ने गरिन्छ। तरकारी बालीमा विशेष गरी आलु, सिमी, पिडालु, साग, गोबी र काउली आदीको खेती यहाँ गरिन्छ। स्थानीय समुदाय एवं कृषकहरू क्रमश जलवायु मैत्री प्रविधिहरू थोपा सिंचाई, प्लाष्टिकको घरमा तरकारी खेती र वेमौशमी उच्च मूल्यका वालीहरू लाई आत्मसाथ गर्दै व्यवसायिकरण उन्मुख हुँदै गरेका छन् तर कृषि उपज संकलन केन्द्र तथा व्यापारिक केन्द्रको अभावले गर्दा यहाँ उत्पादित कृषि उपजहरूले उचित बजार पाउन सकेका छैनन्।

यस न.पा.को बाली चक्र बमोजिम यहाँका सबैजसो कृषियोग्य जमीन वर्षको दुई महिना (बैशाख र जेष्ठ) बाँझो रहने गरेको देखिन्छ भने अर्ध सिंचित र असिंचित जग्गा मनसुनी बर्षाको आधारमा थप १५ दिन जति बढी बाँझो रहने गरेको देखिन्छ भने अन्य समयमा समयानुकूल बालीहरू लगाईने गरेको देखिन्छ (श्रोत : संप्लेषित स्थानीय अनुकूलन कार्ययोजना, २०७५)।

स्वर्गद्वारी नगरपालिकामा १३ वटा स्वास्थ्य संस्थाहरूहरूले स्वास्थ्य सेवा दिई रहेका छन्। जटिल स्वास्थ्य समस्या देखा परेको खण्डमा जिल्ला बाहिर बुटवल, भैरहवा वा काठमाडौंका साथै भारतको लखनउसम्म जाने गरेको पाईन्छ।

स्वर्गद्वारी नगरपालिकाको पार्श्वचित्र –२०७५ अनुसार, नगरपालिकाको साक्षरता ६७.१४ % रहेको छ। यस नगरपालिकामा सामुदायिक र संस्थागत गरी ६३ वटा विभिन्न तहका विद्यालयहरू रहेकाछन्। जसमध्ये ९ वटा माध्यामिक विद्यालय, ७ वटा निम्न माध्यामिक तथा ४६ वटा प्राथमिक विद्यालयहरू रहेका छन्। विद्यालयको संख्या सन्तोषजनक रहेता पनि विद्यायलको भौतिक पूर्वाधारहरू (कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान, टेबल, फर्निचर, पुस्तकालय आदि) कमजोर रहेको छ यसका साथै विद्यायलमा आवश्यकता अनुसार दरवन्दी, विषयगत शिक्षकको कमीका कारण पठनपाठन तथा गुणस्तरीय शिक्षा हासिल गर्न कठिनाई भएको पाईन्छ।

वित्तिय सेवाका लागि नेपाल बैंक लिमिटेड, कृषि बिकास बैंक, ज्योती बिकास बैंक, साइन रेसुङ्गा बैंक, छिमेकि लघुबित्त, IME, लगायतका संस्थाहरू रहेका छन्। यी वित्तिय संस्थाहरूले बचत, ऋण, रेमिटेन्स जस्ता विभिन्न वित्तिय सेवाहरू प्रदान गरिरहेका छन्।

यस नगरपालिकाका केही प्रतिशत जनसंख्या मात्र सरकारी तथा गैर सरकारी रोजगारीमा संलग्न रहेको देखिन्छ। यहाँ प्राविधिक ज्ञान र सीप भएका व्यक्तिहरू थोरै मात्र छन्। यस नगरपालिकामा सरकारी कार्यालयहरूका अलावा कालिका विकास केन्द्र, सेभ द चिल्ड्रेन, रूपान्तरण, फुलवारी एकिकृत ग्रामीण विकास संस्था, सुशासन तथा जिवीकोपार्जन परियोजना, प्रधानमन्त्री कृषी आधुनिक परियोजना आदी जस्ता संघसंस्था तथा परियोजनाहरूहरू कार्यरत छन्। स्वर्गद्वारी नगरपालिकाको पार्श्वचित्र अनुसार यस नगरपालिकामा १४ वटा बचत तथा ऋण सहकारी संस्था, २ वटा कृषि सहकारी, ३३ वटा कृषक समूहका साथै आमा समूह, सामुदायिक तथा कबुलियत वन समूहहरू, युवा क्लव, टोल सुधार समिती, बाल क्लवहरू आदिले नगरपालिका भित्र विभिन्न विकास निर्माण, जनचेतना अभिवृद्धि र क्षमता विकासका कार्यमा सहयोग गर्दै आएका छन्।

### २.४ प्राकृतिक श्रोत तथा भु–उपयोगको अवस्था

स्वर्गद्वारी नगरपालिकाको कूल क्षेत्रफल २२४.७ बर्ग कि.मि.मध्ये सबैभन्दा धेरै भू—भाग (६५.२%) वन क्षेत्रले ओगटेको छ। डिभिजन वन कार्यालय, प्यूठानको आ.व. २०७५/०७६ को प्रतिबेदन अनुसार यस नगरपालिकामा जम्मा ४८ वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको जसले ४,१८७.७२ हेक्टर क्षेत्रफल ओगटेको छन्। यहाँका वन क्षेत्रको समुचित व्यवस्थापन गर्न सक्ने हो भने यहाँ वन पैदावारमा आधारित उद्योगहरूको राम्रो संभावना छ। बैंकल्पिक उर्जाको अभावमा यहाँका धेरै जसो घरधुरीहरूले हालसम्म पनि खाना पकाउने ईन्धनका रूपमा दाउरानै प्रयोग गरिरहेका छन्।

माण्डबी (माडी) यस नगरपालिका भएर बग्ने मुख्य नदी हो भने अन्य खोलाहरूमा कागपाती खोला, तापखोला, दङ्गल खोला, भालुखोला, घन्टी खोला, धनवाङ्गखोला, अरङ्गखोला रहेका छन्। यस नगरपालिकामा पानीको श्रोतको अवस्था ठिकै रहेको भएता पनि खेतीयोग्य जमिनमा सिंचाई कुलोको उचित व्यवस्था नहुँदा पर्याप्त सिंचाई सुविधा पुऱ्याउन सकेको देखिँदैन। नगरपालिकाका अधिकांश घरधुरीहरूको खानेपानीमा राम्रो पहुँच भएपनि व्यवस्थित खानेपानी योजनाका अभावमा यहाँका समुदायले प्रशस्त मात्रामा खानेपानीको प्रयोग गर्न पाएका छैनन्। यस नगरपालिकाको समग्र प्राकृतिक श्रोत तथा भू—उपयोगको जानकारी तलका चित्र र तालिकाहरूमा प्रस्तुत गरिएका छन्।




चित्र नं. २ :स्वर्गद्वारी नगरपालिकाको भु–उपयोगको नक्सा

स्वर्गद्वारी नगरपालिकाको भू–उपयोगको बिस्तृत बिवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १ : स्वर्गद्वारी नगरपालिकाको भु–उपयोगको विवरण**

| क्र.सं. | भू–उपयोग | क्षेत्रफल (बर्ग कि.मि) | क्षेत्रफल (%) |
|---|---|---|---|
| १ | वन जंगल | १४६.६ | ६५.२ |
| २ | नदी | १.५ | ०.७ |
| ३ | मुख्य बस्ती | ०.७ | ०.३ |
| ४ | खेतबारी | ६३.६ | २८.३ |
| ५ | घासे मैदान | १२.३ | ५.५ |
| **जम्मा** | | २२४.७ | १०० |

## २.५ उर्जाको अवस्था

यस नगरपालिकामा बजार क्षेत्रमा खाना पकाउनको लागि एल.पि. ग्यासको प्रयोग गरिन्छ भने बजार क्षेत्र बाहेकका घरधुरीहरूले खाना पकाउनको लागि ईन्धनको रूपमा दाउराको प्रयोग गर्दछन्। यस नगरपालिकको सबै वडाहरूमा बिजुली बिस्तार भईसकेको छ।

## २.६ भौतिक पुर्वाधार तथा सामूदायिक विकास

भालुवाङ्गदेखि रोल्पाको लिबाङ्गसम्म जोड्ने राजमार्ग यसै नगरपालिका भएर जान्छ भने सबै वडाहरू ग्रामीण सडक संजालले जोडिएका छन्। यद्यपि नियमित यातयातको लागि यी ग्रामीण सडकहरूको स्तरोन्नती गर्नुपर्ने देखिन्छ। पैदल यात्रीहरूको सहज यातायतको लागि बिभिन्न स्थानहरूमा ७ वटा झोलुगें पुलहरू बनाईएको छ। प्रसिद्ध धार्मिक स्थल स्वर्गद्वारी मन्दिर यसै नगरपालिकामा पर्दछ।

संचार सुविधाका साधानहरूमा मोबाइल, रेडियो र टेलिभिजन जस्ता साधनहरूको उपयोग भैरहेको पाईन्छ। यस नगरपालिका अधिकांस क्षेत्रमा मोबाइल नेटवर्कको पहुँचमा राम्रो देखिन्छ। भिंग्री, बिजुवार लगायतका बजार क्षेत्रहरूमा ल्याण्डलाईन टेलिफोन सेवा पनि बितरण गरिएको छ। सबै वडा कार्यालय र बजार क्षेत्रहरूमा इन्टरनेट सेवा उपलब्ध छ।

# परिच्छेद ३ : जलवायु परिवर्तनको अवस्था


## ३.१ जलवायु परिवर्तनको क्रम र परिदृष्य विश्लेषण (Climate Change Trend and Scenario Analysis)

स्वर्गद्वारी नगरपालिकाको जलवायु परिवर्तनको क्रम र परिदृष्यको विश्लेषणको लागि विश्व बैंकको वेबसाईट https://climateknowledgeportal.worldbank बाट प्राप्त भएको मध्य पश्चिम क्षेत्रको तापक्रमको तथ्यांक तथा NASA POWER Project को वेभसाइट https://power.larc.nasa.gov/data-access-viewer बाट प्राप्त भएको बर्षाको तथ्यांकका साथै भौगोलिक सूचना प्रणालीका आधारमा तयार गरिएका नक्शाहरू प्रयोग गरिएको थियो। यसका अलावा नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा तयार गरेको जलवायुको परिवर्तित परिदृष्य सम्वन्धि प्रतिवेदनबाट पनि केहि तथ्यांकहरू लिईएको थियो।

### ३.१.१ जलवायु तथा मौसमको अवस्था

#### ३.१.१.१ तापक्रमको प्रबृत्ति

यस नगरपालिका र जिल्लाको तापक्रमको सूचना तथा तथ्यांक उपलब्ध नभएकोले विश्व बैंकको वेभसाइट https://climateknowledgeportal.worldbank बाट सन् १९९१ देखि २०२० सम्मको मध्य पश्चिम क्षेत्रको तापक्रमको सूचना तथा तथ्यांकहरूको  विश्लेषण गर्दा औसत तापक्रम ९.७२ डिग्री सेल्सीयस रहेको देखिन्छ। यो अवधिमा तथ्यांकहरूलाई विश्लेषण गर्दा वार्षिक औषत वृद्धि दर ०.०२८ °C रहेको छ जो समग्र नेपालको तापक्रम वृद्धिदर (०.०५६°C) भन्दा कम रहेको देखिन्छ।




चित्र नं. ३ : मध्य पश्चिम क्षेत्रको बार्षिक औषत तापक्रम

#### ३.१.१.२ स्वर्गद्वारी नगरपालिकाको हालको तापक्रमको अवस्था


भौगोलिक सूचना प्रणलिका आधारमा तयार गरिएको स्वर्गद्वारी नगरपालिकाको तापक्रम नक्शाको (**चित्र नं. ४**) बिश्लेषण गर्दा वडा नं. १, ९ र ८ का दक्षिण भागमा तुलनात्मक रूपमा बार्षिक औषत तापक्रम उच्च रहेको छ। जसलाई नक्शामा गाढा रातो रंगले देखाईएको छ। त्यसैगरी वडा नं २, ३ र ५ का उत्तर तिरका भू–भागहरूमा तुलनात्मक रूपका बार्षिक औषत तापक्रम न्यून रहेको छ। जसलाई नक्शामा फिक्का रातो रंगले देखाईएको छ। यस नगरपालिकाको उच्च तापक्रमा भएका क्षेत्रहरूको बार्षिक औषत तापक्रममा १८.४ डिग्री सेल्सीयस र न्यून तापक्रमा भएका क्षेत्रहरूको बार्षिक औषत तापक्रम १६ डिग्री सेल्सीयस रहेको छ।




चित्र नं. ४ : स्वर्गद्वारी नगरपालिकाको हालको औषत तापक्रम नक्सा

### ३.१.१.३ स्वर्गद्वारी नगरपालिकाको तापक्रम प्रक्षेपण (सन् २०५०) नक्सा


अहिलेको अनुपातमा कार्बन उत्सर्जन भईरहे सन् २०५० सम्ममा स्वर्गद्वारी नगरपालिकाको उच्च तापक्रमा भएका क्षेत्रहरूको बार्षिक औषत तापक्रममा १९.४ डिग्री सेल्सीयस र न्यून तापक्रमा भएका क्षेत्रहरूको बार्षिक औषत तापक्रम १७.१ डिग्री सेल्सीयस हुने अनुमान गरिएको छ। अर्थात सन् २०२१ देखि २०५० अहिलेको अनुपातमा कार्बन उत्सर्जन भएको अवस्थामा उच्च तापक्रमा भएका क्षेत्रहरूको बार्षिक औषत तापक्रममा १ डिग्री सेल्सीयस र न्यून तापक्रमा भएका क्षेत्रहरूको बार्षिक औषत तापक्रम १.१ डिग्री सेल्सीयसले वृद्धि हुने देखाएको छ। तापक्रम वृद्धिका कारणले नगरपालिकाको उच्च र चिसो ठाँउमा कृषि क्षेत्र विस्तार हुन सक्ने, वाली तथा जंगलमा रोगकीरामा वृद्धि हुने, विरुवाहरूको फूल फुल्ने, फल पाक्ने समयमा परिवर्तन हुने, होचो स्थानमा भएका विरुवा जीवजन्तुहरू तथा किटपतंग अग्लो स्थान तर्फ विस्तार हुन सक्ने छन्। यसले गर्दा होचो स्थानमा हुने वाली तथा फलफुलहरू केहि उच्च क्षेत्रमा पनि खेती गर्न सक्ने सम्भावना रहन्छ।




चित्र नं. ५: स्वर्गद्वारी नगरपालिकाको तापक्रम प्रक्षेपण (सन् २०५०)

### ३.१.१.५ वर्षाको प्रबृत्ति


NASA POWER Project को वेभसाइट https://power.larc.nasa.gov/data-access-viewer बाट प्राप्त सन् १९९२ देखि २०२१ सम्मको स्वर्गद्वारी नगरपालिका स्थित भिंग्रिको (२८.१५८४° उत्तर, ८२.७२७५° दक्षिण) कूल बार्षिक वर्षाको तथ्यांकलाई विश्लेषण गर्दा औसत वार्षिक वर्षा १०८७.०८ मिलीमिटर देखिन्छ। यस तथ्यांक अनुसार वर्षाको वार्षिक वृद्धिदर ३९.०८ मिलिमिटर रहेको छ। वर्षाको प्रबृत्तिलाई विश्लेषण गर्दा सन् २००८, २०१३ र २०२१ म अधिक बर्षा भएको देखिन्छ भने सन १९९२ देखि २००३ सम्म न्यून बर्षा भएको देखिन्छ।




चित्र नं. ६ : स्वर्गद्वारी नगरपालिकाको कुल वार्षिक बर्षाको प्रबृत्ति

### ३.१.१.६ स्वर्गद्वारी नगरपालिकाको हालको बर्षाको अवस्था


भौगोलिक सूचना प्रणलिका आधारमा तयार गरिएको स्वर्गद्वारी नगरपालिकाको औषत बार्षिक बर्षाको नक्शा (**चित्र नं. ७**) बिश्लेषण गर्दा वडा नं. ८ को अधिकांश भू–भागका साथै वडा नं. ६ र ९ का पूर्वी भागमा तुलनात्मक रूपमा बार्षिक औषत बर्षा न्यून रहेको छ। जसलाई नक्शामा फिक्का निलो रंगले देखाईएको छ। त्यसैगरी अन्य वडाका भू–भागहरूमा तुलनात्मक रूपका औषत बार्षिक बर्षा उच्च रहेको छ। जसलाई नक्शामा गाढा निलो रंगले देखाईएको छ। यस नगरपालिकाको उच्च वर्षा भएका क्षेत्रहरूको बार्षिक औषत बर्षा २०१० मिलिमिटर र न्यून बर्षा भएका क्षेत्रहरूको औषत बार्षिक बर्षा १६८५ मिलिमिटर रहेको छ।




चित्र नं. ७ :स्वर्गद्वारी नगरपालिकाको औषत बर्षाको नक्सा

### ३.१.१.७ स्वर्गद्वारी नगरपालिकाको बर्षाको प्रक्षेपण (सन् २०५०) नक्सा

भौगोलिक सूचना प्रणलिका आधारमा तयार गरिएको सन २०५० को औषत बार्षिक बर्षाको नक्शा (**चित्र नं. ८**) बिश्लेषण गर्दा भविस्यमा यस स्वर्गद्वारी नगरपालिकाको औषत बार्षिक बर्षा बढ्ने देखिन्छ। न्यून बार्षिक बर्षा भएका क्षेत्रहरूको औषत बार्षिक बर्षा १६२३ मि.मि. र उच्च बार्षिक बर्षा भएका क्षेत्रहरूको औषत बार्षिक बर्षा १८९२.मि. हुने अनुमान गरिएको छ।




चित्र नं. ८ : स्वर्गद्वारी नगरपालिकाको औषत बार्षिक बर्षाको प्रक्षेपण (सन् २०५०)

### ३.२ प्युठान जिल्लाको भविष्यमा तापक्रम तथा वर्षामा हून सक्ने परिवर्तनको परिदृष्य

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा तयार गरेको जलवायुको परिवर्तित परिदृष्य सम्वन्धि प्रतिवेदन अनुसार प्यूठान जिल्लामा आगामी दिनहरूमा वर्षाको मात्रामा बढोत्तरी आउने अर्थात बि स २०७३ देखि २१०२ सम्म RCP 4.5 पद्दती अनुसार तापक्रम १.०१ $^0$C र RCP 8.5 अनुसार १.१३ $^0$C ले बढ्ने देखाएको छ भने बर्षा RCP4.5 पद्दती अनुसार २.६२ प्रतिशत र RCP 8.5 अनुसार ८.३७ प्रतिशतले बढ्ने देखाएको छ **(तालिका २)**।

**तालिका २ : प्युठान जिल्लाको भविष्यमा तापक्रम तथा वर्षामा हून सक्ने परिवर्तनको परिदृष्य**

| क्र.सं. | बिवरण | Reference | RCP 4.5 | | RCP 8.5 | |
|---|---|---|---|---|---|---|
| | | | २०७३-२१०२ | २०९३-२१२२ | २०७३-२१०२ | २०९३-२१२२ |
| १ | Change in Temperature ($^0$C) for Pyuthan from the reference period (2038-2067)<br>तापक्रममा हुने परिवर्तन | १७.७ $^0$C | १.०१ | १.३९ | १.१३ | १.९६ |
| २ | Change in Precipitation (%) for Pyuthan district from the reference period (2038-2067)<br>वर्षामा हुने परिवर्तन | १८४७ mm | २.६२ | ९.३ | ८.३७ | १३.७८ |

### ३.२.१ प्युठान जिल्लाको वर्षाका सुचकहरूमा भविस्यमा हून सक्ने परिवर्तनको परिदृष्य

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा तयार गरेको जलवायुको परिवर्तित परिदृष्य सम्वन्धि प्रतिवेदन अनुसार प्यूठान जिल्लामा भविस्यमा धेरै ओसिलो र बिषम ओसिलो दिनहरूमा वृद्धि हुने, वर्षाका दिनहरू घट्ने, निरन्तर सुख्खा दिनहरू बढ्ने

र निरन्तर ओसिलो दिनहरू घट्ने आँकलन गरिएको छ (**तालिका ३**) ।

**तालिका ३ : प्युठान जिल्लामा बर्षाका सूचकहरूमा भविस्यमा हून सक्ने परिवर्तनको परिदृष्य**

| क्र.सं. | बिवरण | Reference Period (Days) | RCP 4.5 | | RCP 8.5 | |
|---|---|---|---|---|---|---|
| | | | २०७३-२१०२ | २०९३-२१२२ | २०७३-२१०२ | २० ९३-२१२२ |
| १ | Change in Vey Wet Days (P95) (%) for Pyuthan district from the reference period (2038-2067) धेरै ओसिलो दिनहरूको परिवर्तन | १८.२ | ३.०७ | १५.१२ | १५.३४ | २१.२४ |
| २ | Change in Extreme Wet Days (P99) ( %) for Pyuthan district from the reference period (2038-2067) बिषम ओसिलो दिनहरूको परिवर्तन | ३.८ | २६.४३ | ४९.०५ | ३९.४९ | ७०.२८ |
| ३ | ChangeinNumberofRainyDays(%0for Pyuthan district from the reference period (2038-2067) बर्षाका दिनहरूमा परिवर्तन | १५२.७ | -२.०४ | -१.१२ | -०.४५ | -०.२५ |
| ४ | Change in Consecutive Dry Days (%0for Pyuthan district from the reference period (2038-2067) निरन्तर सुख्खाका दिनहरूमा परिवर्तन | ४७.१ | ११.१ | ६.०१ | ०.३६ | -१.९३ |
| ५ | Change in Consecutive Wet Days (CWD) (%0for Pyuthan district from the reference period (2038-2067) निरन्तर ओसिलो दिनहरूमा परिवर्तन | ७४.६ | -२.५२ | -०.४१ | ८ | ७.४४ |

### ३.२.२ प्युठान जिल्लाको तापक्रमका सुचकहरूमा भविस्यमा हून सक्ने परिवर्तनको परिदृष्य

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा तयार प्रतिबेदन अनुसार तापक्रमका सुचकहरूमा भविस्यमा हुन सक्ने परिवर्तनको परिदृष्यलाई केलाउदा, भविस्यमा प्यूठान जिल्लामा गर्मीका दिनहरू तथा रातहरूमा वृद्धि हुनेछन् भने जाडोका दिन तथा रातहरू घट्ने देखिन्छ। त्यसैगरी भविस्यमा Warm Spell Duration Index (WSDI) बढ्ने देखिन्छ भने Cold Spell Duration Index (WSDI) घट्ने दखिन्छ अर्थात निरन्तर अति गर्मीका दिनहरू बढ्ने देखिन्छन् भने निरन्तर अति जाडोका दिनहरू घट्ने देखिन्छन् (**तालिका ४**.) ।

**तालिका ४ : प्युठान जिल्लामा तापक्रमका सूचकहरूमा भविस्यमा हून सक्ने परिवर्तनको परिदृष्य**

| क्र.सं. | बिवरण | Reference Period (Days) | RCP 4.5 | | RCP 8.5 | |
|---|---|---|---|---|---|---|
| | | | २०७३-२१०२ | २० ९३-२१२२ | २०७३-२१०२ | २० ९३-२१२२ |
| १ | Change in Warm Days (%0for Pyuthan district from the reference period (2038-2067)} गर्मीका दिनहरूमा परिवर्तन | ३६.८ | ६.७६ | ९.३५ | ६.०६ | १०.४८ |
| २ | Change in Warm Nights (%0for Pyuthan district from the reference period (2038-2067)} गर्मीका रातहरूमा परिवर्तन | ३७.३ | ९.७४ | १३.१९ | ११.०३ | १६ |

| क्र.सं. | बिवरण | Reference Period (Days) | RCP 4.5 | | RCP 8.5 | |
|---|---|---|---|---|---|---|
| | | | २०७३–२१०२ | २० ९३–२१२२ | २०७३–२१०२ | २० ९३–२१२२ |
| ३ | Change in Cold Days (%0for Pyuthan district from the reference period (2038-2067) जाडोका दिनहरूमा परिवर्तन | ३६.३ | –४.३८ | –५.६२ | –५.५५ | –७.२९ |
| ४ | Change in Cold Nights (%0for Pyuthan district from the reference period (2038-2067)} जाडोका रातहरूमा परिवर्तन | ३६.९ | –४.६८ | –५.८८ | –५.०४ | –६.७६ |
| ५ | Change in Warm Spell Duration Index (WSDI) (%) for Pyuthan district from the reference period (2038-2067)} | १९.७ | १००.२१ | १४१.९५ | १२१.२१ | १९५.५९ |
| ६ | Change in Cold Spell Duration Index (CSDI) (%) for Pyuthan district from the reference period (2038-2067)} | २२ | –५६.३६ | –६६.२३ | –६६.७५ | –८४.६ |

# परिच्छेद ४: बिपद् जोखिमको अवस्था तथा बिश्लेषण

स्वर्गद्वारी नगरपालिकाको बिपद् जोखिमाको अवस्थालाई बिश्लेषण गर्नको लागि नेपाल सरकार गृह मन्त्रालयको विपद् अभिलेखिकरणबाट प्राप्त बिवरणका साथै स्वर्गद्वारी नगरपालिका वडा नं. १ देखि ९ सम्मका स्थानीय अनुकूलन कार्ययोजनाहरूमा सहभागितामूलक बिधिबाट संकलन गरिएका प्रकोपहरू सम्बन्धी सूचनाहरूको प्रयोग बिश्लेषण गरिएको छ। यसका अलाबा भौगोलिक सूचना प्राणालीबाट प्राप्त तथ्याङ्क र नक्शाको प्रयोग गरी यस नगरपालिकाको जोखिमको अवस्था बिश्लेषण गरिएको छ।

## ४.१ गृह मन्त्रालयको विपद् अभिलेखिकरण अनूसार स्वर्गद्वारी नगरपालिकाको बिपद्का घटनाहरूको बिवरण

नेपाल सरकार गृह मन्त्रालयको विपद् अभिलेखिकरण अनुसार सन् १९९४ देखि हाल सन् २०२२ सम्मको तथ्यांकमा यस नगरपालिकामा आगलागीका घटनाहरू २१ वटा, बाढीका ५ वटा घटानाहरू र वन डढेलोका १ घटना गरी जम्मा २७ वटा घटनाहरू दर्ता भएका छन्। यी घटनाहरूबाट ९२ घरधुरी प्रभाबित भएको देखिन्छ भने मानबीय क्षतिमा ३ जनाको मृत्यु भएको, २ जना हराईरहेको र ११ जना घाईते भएको देखिन्छ। त्यसैगरी यी बिपद्हरूबाट ३६ जनाको घर पूर्ण रूपमा क्षती भएको छ र २४ वटा गोठरु बिस्थापित भएका छन् भने २१ वटा पशुचौपायाहरूको क्षति भएको देखिन्छ। यी घटनाहरूबाट कुल आर्थिक क्षति रु. १,००,५३,७०० भएको छ। उक्त अभिलेखबाट घटनाहरूलाई **तालिका ५** मा प्रस्तुत गरिएको छ।


**तालिका ५ : स्वर्गद्वारी नगरपालिकाको बिपद्का घटनाहरूको बिवरण**

| क्र.सं. | वडा नं. | घटना स्थल | बिपद् | साल | मृत्यु संख्या | हराएको संख्या | प्रभाबित घरधुरी | अनुमानित क्षती | घाईते संख्या | व्यक्तिगत घर पूर्ण क्षती | व्यक्तिगत घर आंशिक क्षती | बिस्तापित परिवार संख्या | गाई बस्तुको मृत्यु संख्या | बिस्तापित गोठ संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं २ | | आगलागी | २०७३ | ० | ० | १ | | ० | १ | ० | ० | ३ | १ |
| २ | वडा नं २ | | आगलागी | २०७३ | ० | ० | २ | ४००००० | ० | २ | ० | ० | ७ | २ |
| ३ | वडा नं २ | | आगलागी | २०६९ | ० | ० | १ | ३००००० | ० | १ | ० | ० | ० | ० |
| ४ | वडा नं ३ | | आगलागी | २०६८ | ० | ० | ५४ | | ० | १५ | ० | ० | ० | ० |
| ५ | वडा नं ४ | | आगलागी | २०५० | १ | ० | १ | | १ | १ | ० | ० | ० | ० |
| ६ | वडा नं. ९ | | आगलागी | २०७३ | १ | ० | २ | | १ | १ | ० | ० | ० | ० |
| ७ | वडा नं. ७ | | आगलागी | २०७२ | ० | ० | १ | ११०००० | ० | १ | ० | ० | ३ | ० |
| ८ | वडा नं. ७ | | आगलागी | २०६९ | ० | ० | ५ | | ० | ० | ० | ० | ० | ६ |
| ९ | वडा नं. १ | बराहथान | आगलागी | २०७८ | ० | ० | १ | | ० | ० | ० | ० | ० | १ |
| १० | वडा नं. २ | बलिधारा | आगलागी | २०७८ | ० | ० | १ | | १ | १ | ० | ० | ० | ० |
| ११ | वडा नं. ७ | सोत्रे | आगलागी | २०७८ | ० | ० | १ | | ० | ० | ० | ० | ० | ० |
| १२ | वडा नं. ४ | भिंग्री | आगलागी | २०७८ | ० | ० | १ | | ० | ० | ० | ० | ० | १ |
| १३ | वडा नं. २ | इजर | आगलागी | २०७८ | ० | ० | १ | | ० | ० | ० | ० | ० | १ |
| १४ | वडा नं. २ | स्वर्गद्वारी आश्रम | आगलागी | २०७७ | १ | ० | १ | | ० | ० | ० | ० | ० | ० |
| १५ | वडा नं. २ | नयागाँउ | आगलागी | २०७७ | ० | ० | १ | १७००００ | ० | ० | ० | ० | ० | १ |
| १६ | वडा नं. १ | भन्ज्याग | आगलागी | २०७७ | ० | ० | १ | ३५०००० | ० | १ | ० | ० | ० | १ |
| १७ | वडा नं. १ | सल्लुडाँडा | आगलागी | २०७७ | ० | ० | १ | ३५६७०० | ० | १ | ० | ० | ० | ० |
| १८ | वडा नं. ५ | स्यानीलेख | आगलागी | २०७६ | ० | ० | ३ | | २ | ३ | ० | ० | ० | ३ |

| क्र.सं. | वडा नं. | घटना स्थल | बिपद् | साल | मृत्यु संख्या | हराएको संख्या | प्रभावित घरधुरी | अनुमानित क्षती | घाइते संख्या | व्यक्तिगत घर पूर्ण क्षती | व्यक्तिगत घर आंशिक क्षती | विस्तापित परिवार संख्या | गाई बस्तुको मृत्यु संख्या | विस्तापित गोठ संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | वडा नं. २ | | आगलागी | २०७५ | ० | ० | ४ | ५००००० | २ | ४ | ० | ० | ० | ३ |
| २० | | | आगलागी | २०७५ | ० | ० | १ | ३८०००० | २ | ० | ० | ० | ८ | १ |
| २१ | वडा नं २ | | आगलागी | २०७५ | ० | ० | ३ | २२८७००० | २ | २ | ० | ० | ० | ३ |
| २२ | | बजेनी | वन डढेलो | २०७८ | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० |
| २३ | | स्वर्गद्वारी न.पा. | बाढी | २०७५ | ० | ० | १ | | ० | ० | ० | ० | ० | ० |
| २४ | | भिंग्री गा.बि.स. | बाढी | २०७३ | ० | ० | १ | | ० | १ | ० | ० | ० | ० |
| २५ | | भिंग्री | बाढी | २०७० | ० | ० | १ | ७००००० | ० | १ | ० | ० | ० | ० |
| २६ | वडा नं. १ | | बाढी | २०६८ | ० | १ | १ | | ० | ० | ० | ० | ० | ० |
| २७ | वडा नं. ७ | | बाढी | २०७३ | ० | १ | १ | | ० | ० | ० | ० | ० | ० |
| | | | | | ३ | २ | ९२ | १००५३७०० | ११ | ३६ | ० | ० | २१ | २४ |

*Source: Disinventar, MoHA, 2022*

नेपाल सरकार गृह मन्त्रालयको विपद् अभिलेखिकरणमा बिगत ३० बर्षमा दर्ता भएका बिपद्का घटनाहरूको बारम्बारता लाई केलाउँदा, यस स्वर्गद्वारी नगरपालिकामा बि.स. २०५०, २०७०, २०७२ र २०७६ मा सबैभन्दा कम १/१ वटा घटनाहरू दर्ता भएको पाईयो भने २०७८ सालमा सबैभन्दा धेरै ६ वटा घटनाहरू दर्ता भएको पाईयो। बर्ष अनुसार बिपद्का घटनाहरूको बारम्बारतालाई हेर्दा बिगतमा भन्दा हालका बर्षहरूमा धेरै घटनाहरू घट्ने गरेको पाईयो। जुन तलको चित्रमा देखिाईएको छ।




चित्र नं. ९ : स्वगद्वारी नगरपालिकामा बिपद्का घटनाहरूको प्रबृत्ति

### ४.२ सहभागितामूलक बिधिद्वारा संकलित तथ्याङ्क अनुसार स्वर्गद्वारी नगरपालिकाका प्रमुख प्रकोपहरू र तीनका असर तथा प्रभावहरू

स्वर्गद्वारी नगरपालिकाका वडा नं. १ देखि ९ सम्मका स्थानीय अनुकूलन कार्ययोजनाहरूमा तयार गर्दा सहभागितामूलक तरिकाले संकलन गरिएका ऐतिहासिक घटनाक्रममा उल्लेख गरिएको प्रकोपहरू मध्ये पहिरो, बाढी, खडेरी, आगलागि तथा वन डढेलोका घटनाहरूका साथै ती प्रकोपहरू बिगत ३० बर्षमा पारेका असर तथा प्रभावहरूको सारांशलाई तलको तालिकामा प्रस्तुत गरिएको छ भने बिस्तृत रूपमा अनुसूचि १-४ मा उल्लेख गरिएको छ।

**तालिका ७: स्वर्गद्वारी नगरपालिकाका प्रमुख प्रकोपहरू र तीनका असर तथा प्रभावहरू**

| क्र.सं. | प्रकोप | प्रकोपहरूको संख्या | प्रकोपका असर तथा प्रभावहरू |
|---|---|---|---|
| १ | पहिरो | ९८ | पहिरोबाट खेतीयोग्य जमीन, बस्ती तथा घरहरू, सामुदायिक पूर्वाधारहरू तथा अन्य प्राकृतिक स्रोतहरू प्रभाबित भएको देखिन्छ। स्वर्गद्वारी नगरपालिकाका वडा नं. १ देखि ९ सम्मको स्थानीय अनुकूलन कार्ययोजनाहरूमा प्राप्त ऐतिहासिक घटनाक्रमलाई बिश्लेषण गर्दा विगत ३० वर्षमा पहिरोले गर्दा करिब १०३९ रोपनी जति खेतीयोग्य जमिन, ४२८ वटा घरगोठहरू, ९ वटा खानेपानी मुहानहरू, ५ वटा बिद्यालय, ९ वटा सिंचाई कूलोहरू, सार्बजनिक बाटोघाटोहरू तथा वन जंगलमा क्षती गराउनुका साथै करिब ९ वटा पशु चौपाया र ११ जना व्यक्तिको मृत्यु भएको देखिन्छ। |
| २ | बाढी /नदी कटान | १४ | माण्डबी नदी तथा यसका सहायक खोलाहरू र यसको जलाधार क्षेत्रका खहरे खोलाहरूमा बाढीको समस्या देखिन्छ। बाढीबाट खेतीयोग्य जमीन, बस्ती तथा घरहरू तथा पूर्वाधारहरूरु प्रभाबित भएको देखिन्छ। विगत ३० वर्षमा बाढीबाट १४० घरधुरीहरू प्रभाबित भएका छन्। करिब ५८३ रोपनी जति खेतीयोग्य जमिनका साथै घरगोठहरू, खानेपानी मुहानहरू, सिंचाई कूलोहरू, सार्बजनिक बाटोघाटोहरूमा क्षती पुऱ्याएको देखिन्छ। |
| ३ | खडेरी | ७१ | ऐतिहासिक घटनाक्रमलाई बिश्लेषण गर्दा विगत ३० वर्षमा खडेरीका घटनाहरू वृद्धि हुदै गएको देखिन्छ। बिगत ३० बर्षमा खडेरीबाट १६२ वटा पानीका मुहानहरूमा पानीको मात्रा खडेरी याममा सुक्ने वा पानीको श्रोत एकदमै कम भएको पाईयो भने सबैजसो पानीका मुहानहरूमा पानीको मात्रा घट्दै गएको पाईन्छ। जसले गर्दा पिउने पानीको साथै सिंचाईको लागि पानीको अभाब भएको देखिन्छ। खडेरीको कारणले कृषि बाली (बिशेषगरी हिउँदे बाली तथा मकैबाली) को उत्पादनमा कमि आएको देखिन्छ। |
| ४ | आगलागी तथा वन डढेलोका | ४१ | ऐतिहासिक समयरेखाको विश्लेषण अनुसार विगत ३० वर्षको अन्तरालमा खडेरीका घटनाहरू बढेसँगै वनजंगल तथा वस्तीहरूमा आगलागिका घटनाहरू वृद्धि भएको देखिन्छ। बिगत २०४५ सालदेखि २०७३ सालसम्मको अबधिमा आगलागिबाट यस नगरपालिकामा १९५ वटा घर गोठ जलेर नष्ट भएको, ८१ वटा पशुचौपायाहरू जलेर मरेका साथै १ जनाको मृत्यु भएको पाईयो। साथै आगलागीका कारण घर तथा गोठको काठपात, लत्ताकपडा, गर गहना, सोलार प्यानल अन्नपात, नगद लगायताका बस्तुहरू जलेर करिब २ करोड ९५ लाख ६५ हजार भन्दा बढिको क्षति भएको पाईयो। त्यसैगरी यस अबधिमा वन डढेलोले करिब १६३ हेक्टर वन क्षेत्रफलमा बोट बिरुवा तथा वन्यजन्तुहरूलाई क्षती पुराएको देखिन्छ। केही घटनाहरूमा खानेपानीको पाईपहरूमा क्षती पुऱ्याएको देखिन्छ भने केही घटनाहरूमा वनको डढेलो वस्तीसम्म फैलिएर घर गोठहरू जलाएर पशु चौपायाहरूमा क्षति पुऱ्याएको देखिन्छ। |

### ४.३ स्वर्गद्वारी नगरपालिकाको बिपद् जोखिमको अवस्था

यस पार्श्वचित्र तयारीका क्रममा भौगोलिक सूचना प्रणालीबाट प्राप्त तथ्याङ्कका आधारमो बिभिन्न बिपद् जोखिम नक्शाहरू तयार गरी यस नगरपालिकाको बिपद् जोखिमको अवस्था बिश्लेषण गरिएको थियो। नगरपालिका स्तरीय सरोकारवालाहरूसँग छलफल गरी यी नक्शा तथा तथ्याङ्कहरूमा पृष्ठपोषण लिनुका साथै बिपद् जोखिम सम्बन्धी थप सूचनाहरू लिईएको थियो। स्वर्गद्वारी नगरपालिकाका प्रमूख बिपद्हरू र बिपद्हरूको जोखिमको अवस्था तल वर्णन गरिएको छ।

#### क. पहिरो जोखिमको अवस्था

यस नगरपालिकाको मुख्य प्रकोपहरू मध्ये पहिरो एक रहेको छ। पहिरोबाट खेतीयोग्य जमीन, बस्ती तथा घरहरू, सामुदायिक पूर्वाधारहरू तथा अन्य प्राकृतिक स्रोतहरू प्रभावित भएको देखिन्छ।

भौगोलिक सूचना प्रणालीबाट तयार गरिएको पहिरो जोखिम नक्सा अनुसार पहिरोको हिसाबले स्वर्गद्वारी नगरपालिकाको भू–भागलाई अति न्यून जोखिम, न्यून जोखि, मध्यम जोखिम, उच्च जोखिम र अति उच्च जोखिम गरी पाँच भागमा बर्गिकरण गरिएको छ **(तालिका नं. ७)** । पहिरोको दृष्टिकोणले यस नगरपालिकाको कूल क्षेत्रफल २२४.७ बर्ग कि.मि. मध्ये ३४.४ प्रतिशत भू–भाग अति उच्च जोखिममा, २४.४ प्रतिशत भू–भाग उच्च जोखिममा, २६.१ प्रतिशत भू–भाग मध्यम जोखिममा, ८.९ प्रतिशत भू–भाग न्यून जोखिममा र ६.२ प्रतिशत भू–भाग अति न्यून जोखिम रहेको देखिन्छ। यस नगरपालिकाको वडा नं. १, २ र ९ का अधिकांश भू–भागहरू तथा वडा नं. ५, ६ र ८ को उत्तर पूर्वी भागहरू तुलानात्मक रूपमा पहिरोको उच्च तथा अति उच्च जोखिममा रहेका देखिन्छन् भने वडा नं ३, ४, ५, ७, ८ र ९ का समथर भू–भागहरू पहिरोको न्यून जोखिममा रहेका छन्।

**तालिका ७ : पहिरोको जोखिमको आधारमा स्वर्गद्वारी न.पा.को भु–भागको बर्गिकरण**

| पहिरोको जोखिम | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| अति न्यून जोखिम | १३.९ | ६.२ |
| न्यून जोखिम | २०.१ | ८.९ |
| मध्यम जोखिम | ५८.७ | २६.१ |
| उच्च जोखिम | ५४.७ | २४.४ |
| अति उच्च जोखिम | ७७.३ | ३४.४ |
| **जम्मा** | २२४.७ | १०० |


नक्शाको आधारमा नगरपालिका स्तरीय सरोकारवालाहरूसँग छलफल गर्दा प्राय सबैजसो वडाहरूमा निश्चित स्थानहरू पहिरोको जोखिममा रहेका छन् जुन निम्न अनुसार रहेका छन्।

**तालिका ८ : पहिरोको जोखिम स्थानहरू**

| वडा नं. | पहिरोको जोखिम स्थानहरू |
|---|---|
| वडा नं. १ | कुसुन्डे, सल्लाबोट |
| वडा नं. २ | लिस्ना, स्वगद्वारी मन्दिर आसपासको क्षेत्र, बाङ्गेसल्ला, खाल, नोस, मालारानी, धनवाङ |
| वडा नं. ३ | डाँडाखर्क, खोलाखर्क, बर्तन, मालारानी |
| वडा नं. ४ | भिंग्रीकोट, तिखीचुली |
| वडा नं. ५ | स्यानीलेख क्षेत्र, सिस्नेरी |
| वडा नं. ६ | सालावाङ, थापाखर्क, ठूलोभिर (डिमुरे सा.ब.) |
| वडा नं. ७ | ओर्ला, छेडा, तापाको खेत, तापखोला |
| वडा नं. ८ | डाँडागाउँ, गुरुम्पा, नेटा, ठुलीचौर, घडेरी भिर |
| वडा नं. ९ | पुसदेब, छापधारा, धापखोला, कालीपोखरी, जुकेना |

अतः पहिरोको उच्च जोखिममा रहेका वडा/बस्तीहरूमा भौत्तिक पूर्वाधारहरू निर्माण गर्दा पहिरो जोखिमलाई ख्याल गर्दै ती पूर्वाधार हरूको उत्थानशीलताको लागि विशेष ध्यान दिनु पर्ने देखिन्छ।

भौगोलिक सूचना प्रणालीबाट तयार गरिएको स्वर्गद्वारी नगरपालिकाको पहिरो जोखिम नक्सालाई **चित्र नं. १०** मा प्रस्तुत गरिएको छ।




चित्र नं. १० : स्वर्गद्वारी न.पा.को पहिरोको जोखिम नक्सा

### ख. बाढीको जोखिमको अवस्था

माण्डबी (माडी) नदी तथा यसका सहायक खोलाहरू र यसको जलाधार क्षेत्रका खहरे खोलाहरूमा बाढीको समस्या देखिन्छ। बाढीबाट खेतीयोग्य जमीन, बस्ती तथा घरहरू तथा पूर्वाधारहरूरु प्रभाबित भएको देखिन्छ।

भौगोलिक सूचना प्रणालीबाट प्राप्त सूचनाहरूको आधारमा तयार गरिएको बाढी जोखिम नक्सा अनुसार बाढीको हिसाबले स्वर्गद्वारी नगरपालिकाको भू–भागलाई न्यून जोखिम, मध्यम जोखिम र उच्च जोखिम गरी तिन भागमा बर्गिकरण गरिएको छ। उक्त नक्सा अनुसार वडा नं. ३, ४, ५, ७, ८ र ९ का माण्डवी नदी वरपरका वस्तीहरू तथा अरङखोला, धनवाङखोला लगायताका खोलाहरूका छेउछाउका केही भू–भागहरू बाढीको उच्च जोखिममा देखिन्छन् भने अधिकांश भू–भागहरू मध्यम तथा न्यून जोखिममा रहेका छन्। बाढीको दृष्टिकोणले यस नगरपालिकाको कूल क्षेत्रफलको ६.४ प्रतिशत भू–भाग उच्च जोखिममा, ५७.४ प्रतिशत भू–भाग मध्यम जोखिममा र ३६.२ प्रतिशत भू–भाग न्यून जोखिममा रहेको छ (**तालिका नं. ९**) ।

**तालिका ९ : बाढीको जोखिमको आधारमा स्वर्गद्वारी नगरपालिकाको भु–भागको बर्गिकरण**


| बाढीको जोखिम | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| न्यून जोखिम | ८१.४ | ३६.२ |
| मध्यम जोखिम | १२९.० | ५७.४ |
| उच्च जोखिम | १४.३ | ६.४ |
| **जम्मा** | २२४.७ | १०० |

भौगोलिक सूचना प्रणालीबाट तयार गरिएको बाढी जोखिम नक्शाको आधारमा नगरपालिका स्तरीय सरोकारवालाहरूसँग छलफल गर्दा बाढिको दृष्टिकोणले जोखिमका स्थानहरू निम्न अनुसार रहेका छन्।

**तालिका १० : बाढीको जोखिम क्षेत्रहरू**

| वडा नं. | बाढीको जोखिम क्षेत्रहरू |
|---|---|
| वडा नं. १ | अरङखोला आसपासको बाह्रबिसे क्षेत्र |
| वडा नं. २ र ३ | धनवाङखोला आसपासको डाँडाखर्क, खोलाखर्क, बर्तन, मालारानी क्षेत्र |
| वडा नं. ४ | घन्टीखोला आसपासको क्षेत्र |
| वडा नं. ५ | भालुखोला आसपासको क्षेत्र |
| वडा नं. ६ र ८ | दङ्गलखोला आसपासको क्षेत्र |
| वडा नं. ७ | तापखोला आसपासको क्षेत्र |
| वडा नं. ९ | कागपातीखोला आसपासको क्षेत्र |
| वडा नं. ३, ४, ५,७, ८ र ९ | माण्डवी नदीको किनारका क्षेत्रहरू |

भौगोलिक सूचना प्रणालीबाट तयार गरिएको स्वर्गद्वारी नगरपालिकाको बाढी जोखिम नक्सालाई **चित्र नं. ११** मा प्रस्तुत गरिएको छ।




चित्र नं. ११ : स्वर्गद्वारी नगरपालिकाको बाढी जोखिम नक्शा

## ग) आगलागी जोखिमको अवस्था

यस नगरपालिकाको मुख्य प्रकोपहरू मध्ये आगलागि पनि एक रहेको छ। आगलागीबाट वन जंगल तथा बन्यजन्तुहरू, वस्ती तथा घरहरू सम्वेदनशिल र संकटासन्न रहेको देखिन्छ। यस नगरपालिकाको सबैभन्दा धेरै भू–भाग बन जंगल, घाँसेमैदान तथा झाडीहरूले ओगटेको छ। वन जंगलमा पाईने रुखहरूमा सल्लाको बाहुल्यता बढि रहेको छ। त्यसैले यी क्षेत्रहरूमा बर्षेनी आगलागिका घटनाहरू हुने गर्दछ। आगलागिको जोखिमका आधारमा यस नगरपालिकाको भू–भागलाई अति न्यून जोखिम, न्यून जोखिम, मध्यम जोखिम, उच्च जोखिम र अति उच्च जोखिम गरी पाँच भागमा बर्गिकरण गरिएको छ जुन तलको तालिकामा प्रस्तुत गरिएको छ। यस नगरपालिकाको २०.४ प्रतिशत भू–भाग आलगालीको अति उच्च जोखिमा, २८ प्रतिशत भू–भाग उच्च जोखिमा, २४.८ प्रतिशत भू–भाग मध्यम जोखिमा, १७.७ प्रतिशत भू–भाग न्यून जोखिमा देखिन्छ भने ९.१ प्रतिशत भू–भाग अति न्यून जोखिमा रहेको देखिन्छ।

**तालिका ११ : आगलागीको जोखिमको आधारमा स्वर्गद्वारी नगरपालिकाको भु-भागको बर्गिकरण**


| आगलागीको जोखिम | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| अति न्यून जोखिम | २०.५ | ९.१ |
| न्यून जोखिम | ३९.८ | १७.७ |
| मध्यम जोखिम | ५५.८ | २४.८ |
| उच्च जोखिम | ६२.७ | २८.० |
| अति उच्च जोखिम | ४५.९ | २०.४ |
| **जम्मा** | २२४.७ | १०० |

भौगोलिक सूचना प्रणालीबाट तयार गरिएको आगलागी जोखिम नक्शाको आधारमा नगरपालिका स्तरीय सरोकारवालाहरूसँग छलफल गर्दा आगलागीको दृष्टिकोणले उच्च जोखिमका स्थानहरू निम्न अनुसार रहेका छन्।

**तालिका १२ : आगलागीको जोखिम क्षेत्रहरू**

| वडा नं. | आगलागीको जोखिम क्षेत्रहरू |
|---|---|
| वडा नं. १ | मिर्सिङ, कुसुन्डे, सल्लाबोट क्षेत्र |
| वडा नं. २ | जोगिमारा, धनबाङ, मालारानी, हाम्जा, बाजम, बार्खे क्षेत्र |
| वडा नं. ३ | धनबाङ खोला, ताम्धारा वन क्षेत्र, वर्तन, नेवारे, सिरेनी सा.ब. |
| वडा नं. ४ | ब्रिन्दा सा.ब. |
| वडा नं. ५ | स्यानीलेख क्षेत्र, डाडागाउँ क्षेत्र |
| वडा नं. ६ | लाम्धारा सा.ब. |
| वडा नं. ७ | सिथ्रे, ठूलो धान्जा क्षेत्र |
| वडा नं. ८ | कमेरी क्षेत्र |
| वडा नं. ९ | गोगन खोला, पाखापानी, काफल टाकुरा, मगरी क्षेत्र |

भौगोलिक सूचना प्रणालीबाट तयार गरिएको आगलागि जोखिम नक्सालाई **चित्र नं. १२** मा प्रस्तुत गरिएको छ।




चित्र नं. १२ : स्वर्गद्वारी नगरपालिकाको आगलागी जोखिम नक्शा


### घ) सुख्खा खडेरी जोखिमको अवस्था

यस नगरपालिकाका मुख्य प्रकोपहरू मध्ये खडेरी पनि एक रहेको छ। भौगोलिक सूचना प्रणालीबाट तयार गरिएको सुख्खा खडेरी जोखिम नक्सा अनुसार खडेरीको जोखिमको हिसाबले रुन्टीगढी गाउँपालिकाको भू–भागलाई उच्च सुख्खा, मध्यम सुख्खा, सामान्य सुख्खा र सुख्खा नभएको गरी चार भागमा बर्गिकरण गरिएको छ। नगरपालिकाको कूल क्षेत्रफल मध्ये एकदमै न्यून भू–भाग (१.९ प्रतिशत) उच्च सुख्खा देखिन्छ भने ७१.५ प्रतिशत भू–भाग मध्यम सुख्खा, २५.८ प्रतिशत भू–भाग सामान्य सुख्खा र ०.८ प्रतिशत भू–भागमा सुख्खा देखिदैन **(तालिका १३)**।

**तालिका १३ : खडेरीको जोखिमको आधारमा स्वर्गद्वारी नगरपालिकाको भु-भागको बर्गिकरण**

| सुख्खा खडेरीको जोखिम | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| सुख्खा नभएको | १.७ | ०.८ |
| सामान्य सुख्खा | ५८.० | २५.८ |
| मध्यम सुख्खा | १६०.७ | ७१.५ |
| उच्च सुख्खा | ४.३ | १.९ |
| **जम्मा** | २२४.७ | १०० |

भौगोलिक सूचना प्रणालीबाट तयार गरिएको स्वर्गद्वारी नगरपालिकाको खडेरी जोखिम नक्सा निम्न अनुसार रहेको छ :




चित्र नं. १३ : स्वर्गद्वारी नगरपालिकाको खडेरी जोखिम नक्शा

# परिच्छेद ५ : निष्कर्ष तथा भावी कार्यदिशा

प्रकोपले विगतमा पुऱ्याएको हानी नोक्सानी तथा क्षतिको विश्लेषण, प्रकोपको बारम्बारता, सम्मुखतामा रहेका प्रणाली र संकटासन्नतालाई बिश्लेषण गर्दा यस स्वर्गद्वारी नगरपालिका प्राकृतिक तथा जलवायुजन्य प्रकोपबाट जोखिममा रहेको छ भने नगरपालिकाले पनि बिभिन्न नीति, कानून तथा वार्षिक कार्यक्रमहरू तर्जुमा गरी बजेट विनियोजन गरेर जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनका सवालहरूलाई भने सम्बोधन गर्ने प्रयास गरेको छ। स्वर्गद्वारी नगरपालिकाको जलवायु र विपद् जोखिम व्यवस्थापनको विश्लेषणबाट तलका बुँदाहरू निष्कर्षका रूपमा राखिएको छ :

१) यस स्वगद्वारी नगरपालिकामा पहिरो, बन डढेलो तथा आगलागि, खोला कटान/बाढी, सुख्खा खडेरी जस्ता जलवायु जन्य प्रकोपहरू रहेका छन् । यी प्रकोपहरूले खेतीयोग्य जमिन, सडक, पुल, खानेपानीका संरचना, घर, गोठ लगायत भौतिक पूर्बाधारमा क्षती पुऱ्याउनुका साथै बोट बिरुवा, बन्यजन्तु, घरपालुवा पशुचौपाया तथा मानबीय क्षती पुऱ्याएको देखिन्छ।

२) यस नगरपालिकामा भविस्य तापक्रममा बृद्धि हुने देखिन्छ जसले गर्दा उच्च र चिसो ठाँउमा कृषि क्षेत्र विस्तार हुन सक्ने, वाली तथा जंगलमा रोगकीरामा वृद्धि हुने, विरुवाहरूको फूल फुल्ने, फल पाक्ने समयमा परिवर्तन हुने, होचो स्थानमा भएका विरुवा जीवजन्तुहरू तथा किटपतंग अग्लो स्थान तर्फ विस्तार हुन सक्नेछ। त्यसैगरी बर्षाको मात्र बढे तापनि बर्षाका दिनहरू घट्नुका साथै निरन्तर सुख्खा दिनहरू बढ्दै जाने छन् । यसलाई सम्बोधन गर्न कृषिमा उन्नत प्रबिधि तथा बिउँ बिजनहरू प्रयोग गर्नु आवश्यक छ। नगरपालिका तथा बिभिन्न संघ संस्था र परियोजनाहरूले यस तर्फ केही प्रयासहरू गरेको भएता पनि ती प्रयासहरू प्रर्याप्त देखिदैन। अतः नगरपालिकाले जलवायुमैत्रि कृषि प्रबिधिहरूका साथै उन्नत बिउँ बिजनहरू प्रबर्धन गर्नु पर्ने देखिन्छ।

३) यस नगरपालिकामा पूर्वाधार विकास तथा निर्माणको क्रममा सडकबाटो, भवन सिंचाई, खानेपानी लगायतका भौतिक पूर्वाधार विकासका क्रियाकलापहरू तिब्र गतिमा निर्माण भईरहेका छन्। अधिकांश पूर्बाधारहरू वातावरणीय सम्वेदनशिलताको अध्ययन र लेखाजोखा नभई निर्माण भएका छन् जसले गर्दा बातावरणमा गम्भिर असर पर्नुका साथै बिपद्का घट्नाहरू बृद्धि भई थप हानी नोक्शानी पर्ने देखिन्छ। अतः भौतिक निर्माणका योजनाहरूमा बातावरणीय व्यवस्थापनका क्रियाकलापहरू समेट्नु पर्ने देखिन्छ।

४) यस नगरपालिकामा भौतिक संरचनाहरू निर्माणका लागि मापदण्डहरू (Standards) तयार गरी लागू गर्ने र जलवायु परिवर्तन तथा विपद्जोखिम लाई सम्बोधन गर्नका लागी बिकास निर्माणका योजनाहरूलाई जलवायु परिवर्तन तथा विपद् जोखिम उत्थानशिल बनाउन आवस्यक देखिन्छ।

५) स्थानीय सरकार संचालन ऐन तथा संघिय ऐनहरूले वातावरण, जलवायु परिवर्तन तथा विपद्जोखिम व्यवस्थापनको लागि नगरपालिकाहरूलाई ऐन, कार्यविधि र संयन्त्र बनाउनका लागि प्रोत्साहित गरेको भएता पनि आवश्यक ऐन तथा कार्यविधिहरू समयमा नै तर्जुमा हुन सकेको देखिदैन। तसर्थ स्थानीय वातावरण संरक्षण ऐन, प्रारम्भिक वातावरणीय परिक्षण तथा संक्षित वातावरण अध्ययन कार्यबिधि, स्थानीय तथा विपद् जोखिम व्यवस्थापन ऐन तथा कार्यविधि जस्ता बातावरण तथा विपद्जोखिम व्यवस्थापनका सम्बन्धी ऐन तथा कार्यबिधिहरू तत्कालै तर्जूमा गर्नु पर्ने देखिन्छ।

६) जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनका लागि स्वर्गद्वारी नगरपालिकाले बिभिन्न परियोजनाहरूको सहयोगमा बिभिन्न समयमा वडा नं. १ देखि ९ सम्म अनुकूलन कार्ययोजनाहरूका साथै नगरपालिका स्तरीय स्थानीय अनुकूलन कार्ययोजना तयार भएता पनि ती कार्ययोजनाहरूलाई समया अनुसार पुनरावलोकन गरी कार्यान्वयनमा जोड दिनु पर्ने देखिन्छ।

अन्तमा विकासका पूर्वाधार तथा योजनाहरू तर्जुमा गर्दा यस पार्श्वचित्रले पहिचान गरेको विद्यमान वर्षा, ताफक्रमको चरित्र र परिदृष्यको बिपद् जोखिम क्षेत्रहरूलाई आत्मसाथ गर्न जरुरी छ जसले गर्दा पूर्बाधार विकास लाई दीगो र जलवायु एवं विपद्जोखिम उत्थानशिल बनाउन मद्दत पुग्ने छ।

# सन्दर्भ सामाग्रीहरू


- राष्ट्रिय जलवायु परिवर्तन नीति २०६७ र २०७६
- राष्ट्रिय अनुकुलन कार्ययोजना (नापा) २०६७
- स्थानीय अनुकुलन कार्ययोजना संरचना २०६७
- परिमार्जित स्थानीय अनुकुलन कार्ययोजना संरचना २०७६
- स्वर्गद्वारी नगरपालिकाको पार्श्वचित्र, २०७५
- कोचिबांङ्ग गा.बि.स. (स्वर्गद्वारी नगरपालिकाका वडा नं. १) को स्थानीय अनुकूलन कार्ययोजना, २०७२
- स्वर्गद्वारी गा.बि.स. (स्वर्गद्वारी नगरपालिकाका वडा नं. २) को स्थानीय अनुकूलन कार्ययोजना, २०७२
- स्वर्गद्वारी नगरपालिकाका वडा नं. ३ को स्थानीय अनुकूलन कार्ययोजना, २०७५
- स्वर्गद्वारी नगरपालिकाका वडा नं. ४ को स्थानीय अनुकूलन कार्ययोजना, २०७५
- सारी गा.बि.स. (स्वर्गद्वारी नगरपालिकाका वडा नं. ५) को स्थानीय अनुकूलन कार्ययोजना, २०७२
- बेलबास गा.बि.स (स्वर्गद्वारी नगरपालिकाका वडा नं. ६ र ७) को स्थानीय अनुकूलन कार्ययोजना, २०७२
- स्वर्गद्वारी नगरपालिकाका वडा नं. ८ को स्थानीय अनुकूलन कार्ययोजना, २०७५
- स्वर्गद्वारी नगरपालिकाका वडा नं. ९ को स्थानीय अनुकूलन कार्ययोजना, २०७५
- स्वर्गद्वारी नगरपालिकाको संष्लेषित स्थानीय अनुकूलन कार्ययोजना, २०७५
- https://power.larc.nasa.gov/data-access-viewer/
- https://climateknowledgeportal.worldbank
- MoFE, 2019. Climate change scenarios for Nepal for National Adaptation Plan (NAP). Ministry of Forests and Environment, Kathmandu.
- MoFE, 2021. Vulnerability and Risk Assessment and Identifying Adaptation Options: Summary for Policy Makers. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.
- नेपाल सरकार गृह मन्त्रालयको Nepal Disaster Risk Reduction Portal (drrportal.gov.np)

# अनूसुचीहरू

अनूसुची १ : स्वर्गद्वारी नगरपालिकाका पहिरोका घटनाहरू र सोका असर तथा प्रभावहरू

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. २ बनदासेमा पहिरो जाँदा बाटोमा क्षती गरेको, १ विघा खेतियोग्य जमिनमा असर र खानेपानी पाइप पुर्दा रु ३ लाख बराबरको क्षति भएको। |
| २०६० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ३ को सूर्यखोला खुङखोला, सिक्केखोला, टोङके र थाप्लामा पहिरो जाँदा रु ३ लाख बराबरको क्षति भएको। |
| २०६० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ५ मा रुन्या खोला पहिरो,खाल्टे खरबारी पहिरो, डामडाडा पहिरोले १० रोपनी जग्गामा क्षति गरेको। |
| २०६२ | वडा नं. १ | पहिरो | जेमुरे पहिरोले पाइप बगाउँदा रु ४५ हजार बराबरको क्षति, पानीको मुहान सुकेको (थोक्केखोला,सुकपधेरा, काब्रे खोला, सुकेको। |
| २०६३ | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ४ को छेखवा खोलामा पहिरो गई २० रोपनी जग्गामा क्षति भएको। |
| २०६९ | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ५ मा केशर बहादुर जिसी घरमा पहिरोले करिब १ लाख बराबरको क्षति भएको। |
| २०७० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. १ मा सत्ते बहादुर वलीको गोठ,घरमा लग्दा रु १ लाख बरावरको क्षति |
| २०७० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ८ मा मान बहादुर सुनारको खेत पुरेको, छहरे खोलामा पहिरोले बाटो क्षति, आरन सोतो मा पहिरो गई बाटो बन्द भएको। |
| २०७० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडान ९ मिर्सिङ घौलते भिरको पहिरो गई खाने पानीको पाइप बगाउँदा रु ४५ हजार को क्षति भएको। |
| २०७० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ९ मा जेमुरे खुम बहादुर पुनको सौचालय बगाउँदा रु २० हजार बराबरको क्षति भएको। |
| २०७० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ९ मा लखनाटारी राजमान गिरीको गोठ पहिरोले बगाउँदा रु ५० हजार बराबरको क्षति भएको। |
| २०७० | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ९ मा मिसिङ तिलक पुनको शौचालय पहिरोले बगाउँदा रु २० हजार बराबरको क्षति। |
| २०७१ | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. १ मा दामोदर खत्रीको गोठ पुरिदा रु १ लाख बरावरको क्षति। |
| २०७१ | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. २ मा बाटोमा पहिरो गई घरमा असर गरेको। |
| २०७१ | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ६ मा टोप बहादुर पुनको बारमा पहिरो गई रत्न बहादुर पुनकको घरमा च्यापिएर रु २ लाख बराबरको क्षति भएको। |
| २०७१ | वडा नं. १ | पहिरो | साबिक कोचिबांग वडा नं. ७ मा पहिरोले ५० रोपनी खेतीयोग्य जमिनमा क्षती गरेको। |
| २०५२ | वडा नं. २ | पहिरो | कमल रिजालको ५ रोपनी खेत, रु १लाख बरावरको क्षति भएको, जोख ब खत्री ७ रोपनी रु २ लाख,बलिराम न्यौपानी को ८ रोपनी खेत रु २ लाख,किसान पुनको २ रोपनी खेत ५० हजार, निम लाल रोकाको ५ रोपनी खेत १लाख, डोम बहादुर खत्री ८ रोपनी को रु २लाख, जोख बहादुर केसी रु ८ रोपनी २ लाख, यम बहादुर केसी को ३ रोपनी १लाख बरावरको क्षति भएको। |
| २०५५ | वडा नं. २ | पहिरो | धन वहादुर रोकाको एउटा चार वर्षको छोरा मृत्यु, एब घर अन्न लत्ताकपडा बगाएको अन्दाजी रु दुई लाख पचास हजार बरावरको क्षति भएको। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०५५/४ | वडा नं. २ | पहिरो | खैरेनी खोला नाम बहादुर घर्तीको घर भत्काएको रु ३लाख को क्षति, पहिरो लगातार रूपमा रहेको ले २१ घर जोखिममा पर्दछन् – चित्र व पुन,नाम ब घर्ती, भिम ब पुन, थमानसिह बुढा, देवसिङ्ग घर्ती, जुद्ध ब घर्ती, जिको घर्ती, वम व घर्ती, भक्त ब घर्ती, भोपलाल घर्ती, केसर पुन, थम ब बुढा, खड्क पुन, थम्मन बुढा, गन ब बुढा, लामती बुढा, बसन्त खड्का, रूपलाल घर्ती, तुकमानसिङ घर्ती, रूपचन पुन, लिला ब बुढा) । |
| २०५६ | वडा नं. २ | पहिरो | ३ स्थानमा गएको १२ जना व्यक्तिहरूको ४५ रोपनी खेत बारी पहिरोले बगाएको, १० घर पहिरोको जोखिममा भएको । |
| २०६० | वडा नं. २ | पहिरो | बलिधारा टोलको तेज बहादुर रोका, अम्मर रोका को घर पहिरोको जोखिममा रहेको –जमिण चिसिएको) । |
| २०६० | वडा नं. २ | पहिरो | जिवा घर्ती मगरको नारेखोला पहिरोले १ रोपनी जग्गा बगाएको । हाल निरन्तर पहिरो आउने गरेको । |
| २०६५ | वडा नं. २ | पहिरो | दरेगौरा भिरबाट खसेको ढुङ्गा लागि राज बहादुर पुनको घटनास्थल मै मृत्यु भएको । |
| २०६६ | वडा नं. २ | पहिरो | ओखगैराको खानेपानी को १७ घर ले पिउने पानीको मुल पहिरोले पुरेको – पहिरो निरन्तर आउने गरेको हरेका वर्ष) । |
| २०६७ | वडा नं. २ | पहिरो | पहिरोले घनसरी पुनको घरबारीमा करिब ४० हजार बराबरको क्षति भएको । |
| २०६८ | वडा नं. २ | पहिरो | मालारानी सामुदायिक चेतना प्राविको भवन पहिरोले पुरेको अन्दाजी २ लाख बरावरको क्षति भएको । |
| २०६९ | वडा नं. २ | पहिरो | नारायणी पौडेलको २ रोपनी बारी, को रु ५० हजार, भुमा पुनको २ रोपनी बारी को रु ५० हजार, तिला देवी पौडेलको १ रोपनी बारी रु ३०हजार बराबरको क्षति भएको । |
| २०७० | वडा नं. २ | पहिरो | श्याम ब सुनार को २ रोपनी बारीमा क्षति गरेको । |
| २०७० | वडा नं. २ | पहिरो | बकेना खोला पहिरोबाट टेक व पुनको १ घर, १ गोठ अन्न लत्ताकपडा गरी रु १ लाख ५० हजारको क्षती, तकमा घर्तीको एक रोपनी खेतमा करिब रु ५० हजारको क्षती, रविलाल पुनको आधा रोपनी बारीमा करिब रु ५० हजारको क्षती, जगत ब पुनको आधारोपनी बारीमा रु ३० हजार र केसर पुनको १ रोपनी बारीको रु ५० हजार बराबरको क्षति भएको । |
| २०७० | वडा नं. २ | पहिरो | रानीपानी टोलको पार्वती घर्ती लगायत ३ जनाको घर पहिरोको जोखिममा रहेको सोही पार्वती घर्तीको १२ रोपनी जग्गा खरबारी पुरेको । |
| २०७० | वडा नं. २ | पहिरो | पिमा पुनको ४ रोपनी खरबारी र घरबारी पहिरोले बगाउँदा रु १ लाख ५० हजार बरावरको क्षति भएको । |
| २०७० | वडा नं. २ | पहिरो | तेज विर पुनको १ घर, १ गोठ बगाएको, २ गोरु, १ गाई, २ बाखा, ११ कुखुरा पहिरोले बगाउँदा रु २ लाख बरावरको क्षति भएको । |
| २०७० | वडा नं. २ | पहिरो | सल्लेको नवापानी भित्ताको ५ रोपनी जग्गा पहिरोले पुरेको अन्दाजी रु ८० हजार बराबरको क्षती भएको । |
| २०७० | वडा नं. २ | पहिरो | बालाराम घर्तीको २ रोपनी घरबारी पहिराले बगाउँदा रु ५० हजार बराबर क्षति र आधा रोपनी मोटर बाटो पहिरोले बगाएको । |
| २०७० | वडा नं. २ | पहिरो | ज्याङखोला पाखा शिवलाल भण्डारीको २० रोपनी घरबारी पहिरोले बगाएको । |
| २०७० | वडा नं. २ | पहिरो | पहिरोले चन्द्रे पुनको २ रोपनी जग्गा र गोठ पुरेको, घर जोखिममा रहेकोले परिवारका सदस्यहरू अन्य ठाउमा छाप्रो बनाइ बसेको, भुपलाल घर्तीको २ रोपनी घरबारी पहिरोले बगाएको । |
| २०७० | वडा नं. २ | पहिरो | पहिरोले अमृता घर्तीको आधा रोपनी बारी बगाएको । |
| २०७० | वडा नं. २ | पहिरो | पहिरोले ढाटी बुढाको २ रोपनी बारी पहिरोले लगेको । |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०७१ | वडा नं. २ | पहिरो | पहिरोल गंगाराम पुन को १ रोपनी खरबारी र भिम ब बुढा मगरको आधा रोपनी जग्गा बगाएको। |
| २०७१ | वडा नं. २ | पहिरो | रुनखानको ४० घरले पिउने पानीको मुल पहिरोले पुरेको। |
| २०७१ | वडा नं. २ | पहिरो | पहिरोले रविलाल सुनारको घरबारी पुरेको, पेमे परियारको बारी पुरेको,सुकाराम पुनको बारी पुरेको,भक्त ब को पहिरोले बारी पुरेको। |
| २०७२ | वडा नं. २ | पहिरो | सल्लेखर्क बस्तीमा जाने सिंचाई कुलो भक्तीएको। सिमल पधेराको सिंचाई कुलो भक्तिएको। |
| २०६३ | वडा नं. ३ | पहिरो | ददेरीमा पहिरो आई १० घरधुरी १० रोपनि जग्गा पुरीएको। |
| २०६८ | वडा नं. ३ | पहिरो | कुवाखोला, माउ खोलामा पहिरोले ६० घरधुरी प्रभाबित गरेको |
| २०७० देखी | वडा नं. ३ | पहिरो | जिारीखोलाको पहिरोले ८ घरधुरी प्रभाबित गरेको। |
| २०७१ | वडा नं. ४ | पहिरो | कुमाल टार, कोलबाङगको पहिरोले ६० घरको जमीन पुरेको। |
| २०७० | वडा नं. ४ | पहिरो | भुमेथानको पहिरोले ७ घरधुरी जोखीममा ३० घरधुरी अर्ध जोखीममा। |
| २०७१ | वडा नं. ४ | पहिरो | कलाल्टारमा बाटोको पहिरोले ४ घर बिस्थापित र ४ जनाको मृत्यू। |
| २०७२ | वडा नं. ४ | पहिरो | पहिरोले १ विद्यालय र ३ घर जोखीममा परेको। |
| २०३४ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ६ को नौविसे सिचाई कुलो पहिरो गएकोले १०० रोपनी जग्गा वाजो भएको |
| २०४१ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. ८ मा नया पधेरो पहिरो गै ४ रोपनी क्षती। |
| २०४३ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ७ को माउ कुलो क्षती भै २५०० रोपनी वरावरको खेति योग्य जमीन सिचाईमा असुविधा। |
| २०४३ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ७ को भिरमुनि बाटो पहिरोले ३० घरधुरी हिडने बाटोको क्षती तथा २० रोपनी जग्गा नोक्सानी। |
| २०४३ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ७ को हरिगाउले टोल ४ रोपनी खेति योग्य जमीन नोक्सानी घरको आगनमा पहिरो। |
| २०४३ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ७ मा पहिरोले ५ रोपनी वरावर खेतियोग्य जमीन क्षति गरेको। |
| २०४९ | वडा नं. ५ | पहिरो | वार्ड न. ३ मा ३ रोपनी जग्गामा ४ लाख वरावरको क्षति। |
| २०५० | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ६ को सात विसे खेतमा बाटोमा पहिरो गएकोले १ जना को मृत्यू भएको जन योग्य जग्गा नेक्सानी र कुलोको क्षती भै ४० रोपनी वरावरको धान खेत सुख्खा भएको। |
| २०५० र २०७० | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ४ को कमेरी खोला पहिरोले खानेपानी टयाकी पुरेको। करीव २० रोपनी जग्जा पुरेको ५ घर जोखिममा। |
| २०३५ र २०७० | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. ९ ढाडपाखाको २ वटा भैसि मरेको,७ मुरी धान पुरेको सिचाईकुलोको क्षति,५०० रोपनी खेति योग्य सिचाइ्र असुविधा,खानेपानी पाईप पुरेको ६० घरधुरी लाई खानेपानी अभाव ४ रोपनी खेत खोलाले कटान गरी बगरमा परिणत। |
| २०५४ र २०५५ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ६ को १०० रोपनी वरावर खेति योग्य जग्गा नेक्सानी र कुलोको क्षती भै ४० रोपनी वरावरको धान खेत सुख्खा। |
| २०५३ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. ५ डोडपाटामा पहिरो गै ४ जना पहिरोमा परि अपाङ भएको १ रोपनी खेति योग्य जमीन नोक्सानी सिमेन्टको सिचाई डुड खतरामा रहेको। |
| २०५८ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ३ को जिम्माल टोलमा पहिरो गै १ गोठ र १ गोरुको क्षती,धारा काल्नो,फुर्सेखोलामा पहिरो गै गोठको क्षती। |
| २०५८ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ३ को सारीकोट वस्तिमा ३ रोपनी जग्गा नास भएको। |
| २०६० | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. २ मा गैरा पहिरो गै ४० रुख लगेको। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६२ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ६ को सातविसे बाट विरीवाङ जाने बाटो पहिरो गएकोले आवत जावतमा कठीनाई कृषी जन्य उत्पादन ल्याउन समस्या। |
| २०६२ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. १ रातामाटा वस्तीको पछाडीतिर काल्यारमा पहिरो गै २० परिवार जोखिममा। |
| २०६५ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. ८मा गोगनपानी पहिरो गै ३जना मानविय क्षति तथा २० जना घाईते भएको । |
| २०६५ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. २ मा जेमुरे खोलाको पहिरोले खा.पा. मुल अस्त व्यस्त। |
| २०६६ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ६ को नौविसे कुलोको ढिक खस्न गै १ जनाको मृत्यू। |
| २०६८ देखि २०७२ | वडा नं. ५ | पहिरो | साबिक सारी वडा नं. ७ अतिवृटी अनावृष्टी को कारण पुर्व वेलवास ९ र सारी ७ को सिमानामा निरन्तर पैरो झर्ने क्रम। |
| २०६८ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. १ माराजकुलो र खोलाखेतको कुलो भत्काएको जसले ४८ मुरी वरावरको क्षती,२ वर्षसम्म कुलो नचलेको। |
| २०६८ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. २ मा माझटोलमा गै १ भैसी मरेको र गोठ भत्केको ५ रोपनी खेति योग्य जग्गा पुरिएको र पर्खाल भत्काएको यो २०७० र २०७१ मा पनि पहिरो गएको। |
| २०७१ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. ५ डोडपाटामा पहिरो गै ४ जना पहिरोमा परि अपाङ भएको १ रोपनी खेति योग्य जमीन नोक्सानी सिमेन्टको सिचाई डुड खतरामा रहेको। |
| २०७१ | वडा नं. ५ | पहिरो | साबिक सारी वार्ड न. ५ सिमलपाटाको ढिक गै पनीको मुहानमा क्षति। |
| २०६७ | वाड न ६ | पहिरो | रोल्पा खोला बाट आएको भेलले चन्द्र वहादुर पोखेलको २ रोपनी खेत पुरेको। |
| २०७० | वाड न ६ | पहिरो | खैरेनी कुलो पहिरोले १५० मिटर लगेर धान रोप्ने खेतमा मकै रोपेको। |
| २०७० | वाड न ६ | पहिरो | चाम बहादुर घर्तीको घर भत्केको, तिमिले अन्तर टोलदेखि झाग्री टोलसम्म २० मिटर जति पहिरो जादाँ २० रोपनी जती बारी पुरी दिएको १ महिनासम्म आवजावत गर्न अपठ्रो भएको १ जना नम प्र. बसेल पहिरोको डरले गर्दा २ महिनासम्म घर छोडेर हिड्न बाध्य भएको। |
| २०७१ | वाड न ६ | पहिरो | कर्ण बहादुर घर्ती क्षेत्रीको घर पहिरोले च्याप्दा छोरीको घरमा गएर बस्न बाध्य लम प्रसाद बसेल को गोठ २०७०/२०७१ मा भत्काएको तक बहादुर विक को घर पुरिदिदा अन्यत्र गएर बस्न बाध्य टोरे खोला,खन्ने खोला सिंचाई कुलो पहिरोले भत्कीदाँ हालसम्म नबनाएको २०० विगाहा जग्गा प्रभावित भएको। |
| २०७१ | वाड न ६ | पहिरो | पहिरोले गर्दा १० रोपनी खेत पुरेको साथै खानेपानीको मुहान पहिरोले पुरेको। |
| २०७१ | वाड न ६ | पहिरो | वाल शिक्षा केन्द्र नजीकै पहिरो जादा उक्त केन्द्र अन्यन्त्र व्यवस्था गर्नु पर्ने। |
| २०७१ | वाड न ६ | पहिरो | निङलामा गएको पहिरोले गिर वहादुर पुन को घर पुरेको। |
| २०६७ | वाड न ७ | पहिरो | सिरसिरे सिंचाई पोखरी भत्काएको, विरपादा सरस्वती विकको बारी पहिरोले लगेको, कटुवाल खेतमा मोटरबाटो ले ५ रोपनी खेत पुरेको, डोडखोला तापा गाउमा पस्न सक्ने सम्भावना रहेको। |
| २०७० | वाड न ७ | पहिरो | टंक ब सुनार, मान व रोका घर गोठ पहिरोले पुरेको। बाढी ले स्कुलमा समेत क्षेति भएको र मोटर बाटो गर्दा बढि क्षेति भएको। |
| २०७० | वाड न ७ | पहिरो | बारीको कुलो तिल्केर्नि सिचाई कुलो १० मिटर जति भत्केको, गाविस कार्यालय बर्जिवाङले आर्थािक सहयोग गरेको तर बेलबास गाविस ले सहयोग नगरेको। |
| २०७० | वाड न ७ | पहिरो | हिउदे सिंचाइको लागि ११ किमि लामो सिंचाई कुलो मध्ये २०० मिटर पहिरोले पुरेको। |
| २०७० | वाड न ७ | पहिरो | केपडिम बहादुर घर्ति को घर भत्केको र बम व घर्तिको गोठ भत्केको। |
| २०६० | वडा नं. ८ | पहिरो | धनचौर फदीमा पहिरोले ५ घर जोखीममा। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६० | वडा नं. ८ | पहिरो | पधेरा खोलामा पहिरोले पुरेर २ घर पुरेको। |
| २०६५ | वडा नं. ८ | पहिरो | आप रुखमा ३ घर जोखीममा। |
| २०६८ | वडा नं. ८ | पहिरो | जैसीकुनामा ७ घर जोखीममा। |
| २०६८ | वडा नं. ८ | पहिरो | बर्जिबाङकोट ८ घरधुरी जोखीममा। |
| २०७० | वडा नं. ८ | पहिरो | तल्लोमौधारी पहिरोले १६ घर जोखीममा। |
| २०७१ | वडा नं. ८ | पहिरो | समि ६ घर र खेतियाग्य जमीन जोखीममा। |
| २०७३ | वडा नं. ८ | पहिरो | छलाम ४ घरधुरी पहिरो जोखीममा। |
| २०६८ | वडा नं. ९ | पहिरो | ठुलो पोखरी फरसौले, कार्मे ठीक, धामी घाट, खत्री टोल, बगर जोखीम। |
| २०६८ | वडा नं. ९ | पहिरो | कुहिने भिर, दुरुवा खोला, साफ धारा, बास खोला, तल्लो छेरुवा खोलाा, उपल्लो काली पोखरी, साफधारा पहिरोको जोखीम। |
| २०७० | वडा नं. ९ | पहिरो | गुनढाले पहिरोले १० घरधुरी जोखीम। |
| २०७१ | वडा नं. ९ | पहिरो | लापे सीकेखोला आसपासको पहिरो ले १०० घरधुरी जोखीममा। |

**अनूसुची ३ : स्वर्गद्वारी नगरपालिकाका बाढीका घटनाहरू र सोका असर तथा प्रभावहरू**

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६० | वडा नं. १ | बाढि र नदी कटान | साबिक कोचिबांग वडा नं. ३ मा खोलाले करिब ५ विगाहा खेत कटान गर्दा रु १० लाख बराबर क्षति भएयो। – कुलबहादुर पुन, कर्ण व पुन, श्यालीराम घर्ती, सन्ते ब घर्ती, शिवराज पुन)। |
| २०६० | वडा नं. १ | बाढि र नदी कटान | साबिक कोचिबांग वडा नं. ९ मा खोलाले काब्रो आसपासमा भएको ६ घरधुरीको २० रोपनी खेत कटानी गरी रु १२ लाख बराबरको क्षति भएको। |
| २०६३ | वडा नं. १ | बाढि र नदी कटान | साबिक कोचिबांग वडा नं. २ मा अरङ खोलाले काट्यो १२ घर को १० रोपनी खेत कटान गर्दा रु ६ लाख बराबरको क्षति भएको। |
| २०६३ | वडा नं. १ | बाढि र नदी कटान | साबिक कोचिबांग वडा नं. २ टोडियारमा अरङ खोलाले र आरु खोलाले १० घरधुरीको २ विगाहा खेत कटान गर्दा रु ६ लाख बरावरको क्षति भएको। |
| २०६३ | वडा नं. १ | बाढि र नदी कटान | साबिक कोचिबांग वडा नं. २ मा बाढिले केदार सिह पुनको २० रोपनी खेत कटान गरी रु ६ लाख बराबर क्षति भएको। |
| २०७० | वडा नं. ३ | बाढी | कुवाखोलामा आएको बाढीले १ बिगाहा जग्गा क्षती तथा ५ घर जोखीममा पारेको। |
| २०७१ | वडा नं. ४ | बाढी | सुक खोलाले हिउदे कुलोमा क्षती १० घरको जग्गा कटान गरेको। |
| २०७० | वाड न ६ | बाढी | बाढीले निङला भुप बहादुर घर्ती, मान व घर्ती,गोर बहादुर पुन को १० रोपनी बारी पुरेको। लेम प्र आचार्यको घर केहि मात्रामा पुरेको।<br>दवल खोलाले पुनाराम गोराथोकी, तिलक राम गोराथोकी र शोभारामको को ५ रोपनी खेत खोलाले बगाएको।<br>यम प्रसाद गोराथोकी, यम राज गोराथोकी,हितुराम गोराथोकी को खेत पुरेको। कुलाको बाँधा भत्केर १० रोपनी खेत बाँफै रहेको। घनश्याम पोखेलको २ रोपनी खेत दवल खोलाले बगाएको। खैरेनी कुलो पहिरोले १५० मिटर लगेर धान रोप्ने खेतमा मकै रोपेको। |
| २०७० | वाड न ६ | बाढी | इश्वरी प्रसाद, यम राम भण्डारी, जिवलाल कालाथोकी को क्रमशः १, ३,२ रोपनी खेत पहिरो र खोलाले पुरेको। दवाल खोलाले मोहन लाल बसेलको २ रोपनी खेत पुरेको, १ रोपनी कटान गरेको। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०७० | वाड न ७ | बाढी | मालुखोलाले नल्सी सिंचाई कुलो को ५०० मिटर भत्केको। करिब २५ घरधुरीको २०० रोपनी बारी क्षती भएको। |
| २०६८ | वडा नं. ८ | बाढी | डग्री खोला दलदले खोलाको २६ घर जोखीममा। |
| २०७३ | वडा नं. ८ | बाढी | ददेरी खोलाले १६ घर जोखीम। |
| २०६० | वडा नं. ९ | बाढी | सेनि बगरमा माडी नदीले २० घर धुरीको २०० रोपनि बराबर खेत बगाएको। |
| २०७३ | वडा नं. ९ | बाढी | दमाइ टोलमा २० घरधुरी जोखीममा। |

**अनूसुची ३ : स्वर्गद्वारी नगरपालिकाका खडेरीका घटनाहरू र सोका असर तथा प्रभावहरू**

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६० | वडा नं. १ | खडेरी | साबिक कोचिबाङ्ग वडा नं. २ को मागैराको मुल सुकेको साथै अन्य मूलमा कमि भएको। |
| २०६० | वडा नं. १ | खडेरी | साबिक कोचिबाङ्ग वडा नं. २ मा पानीका मुलहरू: बुढा पधेरा, नियालेनी खोला, करोती बोट सुकेका छन्। |
| २०६० | वडा नं. १ | खडेरी | साबिक कोचिबाङ्ग वडा नं. ३ मा पानीको मुहान सुक्यो जसमा खुङखोला,सूर्यखोला, खन्नेखोला,तृमिरे,सारखोला, तरुवाखोला को मुहान सुक्यो। |
| २०६० | वडा नं. १ | खडेरी | साबिक कोचिबाङ्ग वडा नं. ५ मा आरुखोर्य, खलेखोला, साउनी खोला, तुसरा खोला मुल सुके। |
| २०६४ | वडा नं. १ | खडेरी | खडेरीका कारणले साबिक कोचिबाङ्गमा हिउदे बाली सुकेको, पानीको मुहान सुक्दै गएको। |
| २०६५ | वडा नं. १ | खडेरी | साबिक कोचिबाङ्ग वडा नं. ८ मा मकै बाली ओइलाएर सुक्दा रु ५ लाख बराबर को क्षति भएको, ४ वटा पानीका मुलहरू सुकेको जसमा रैमा खोला छहरे, पाखापानी, कामिचार मुल। |
| २०६९ | वडा नं. १ | खडेरी | साबिक कोचिबाङ्ग वडा नं. ६ मा आमडाँडा पधेरा खोला, निगा लेनी खोला, बोटेखोला, जुगेखोला पानीका मुहानहरू सुकेको। |
| २०६९ | वडा नं. १ | खडेरी | साबिक कोचिबाङ्ग वडा नं. ७ मा हिउदे बाली सुकको, ५ वटा कुवाहरू सुकेको। |
| २०६५ | वडा नं. २ | खडेरी | खडेरी ढिमढिमे पातल, स्याङपाङ, ठाक्सा खानेपानीको मुल सुकेको। |
| २०६८ | वडा नं. २ | खडेरी | खडेरीले कालापानी मुल, सरगैरा मुल, अम्टुखोला मुल सुक्दै गरेको। |
| २०६८ | वडा नं. २ | खडेरी | खडेरीले भैरेपानी मुल, केमुफेद मुल, पुरनपानी मुल,मुलेपानी मुल, दुले पानी र पाङराङ मुल सुक्दै गएको। |
| २०६४ –२०७१ | वडा नं. २ | खडेरी | अप्रत्यक्ष रूपमा प्रभाव परेको, सुकीसकाका मुल, ओखर गैरा मुल, हारथापा मुल, पाखापानी मुल, झाक्रीपानी मुल, खनाल पधेरा मुल बाउनपानी मुल, खोपील्ट मुल, सीमीडाँडा मुल, सार्की पधेरा,बुढाथोकी मुल पुतली रुख मुल सुक्दै गएको। |
| २०६५– २०७१ | वडा नं. २ | खडेरी | सबै पानीका मुलहन सुक्दै गएको (कुवापानी,टुनी भित्ता, हाम्जा पधेरा, पाखापानी, उलपानी, तल्लो सयपानी मुल)। |
| २०६० | वडा नं. २ | खडेरी | सुकीसकेका मुल जलुकने, पाखापानी,खेबरे, बेबरे तल्लो, धारापानी मुल । सुक्दैगरेका मुल : रामसारीपानी, ज्याङखोला, बडरपधेरा, सिमलपधेरा, जुकपानी र भैइकाटे मुल। |
| २०६९ साल देखि २०७१ सम्म | वडा नं. २ | खडेरी | सुकिसकेको मुल : माझडेरा, मोनुखोला, जुकेपानी मुल। सुक्दैगरेको मुलः नारेखोला, वाउरा मुल। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६६–२०७१ | वडा नं. २ | खडेरी | सुकिसकेका मुलः जुकेपानी उपल्लो मुल सुक्न लागेका मुल : बाखखोर मुनीको पधेरा, बेबरेखोला मुल, बोकेनाखोला मुल। |
| २०५४ | वडा नं. ३ | खडेरी | जामुने गाडापानिको मुल सुक्दै गयको। |
| २०५६ | वडा नं. ३ | खडेरी | भालुखाला धनबाङ्ग खोला गाडापानि, उपल्लो मुल कर्मस सुक्दै गयको। |
| २०५९ | वडा नं. ३ | खडेरी | करङ्गखोला, धनबाङ्ग खोला गैरापोखरीमा मुल सुक्दै गयको जसको प्रभाव ५२ घरधुरी लाइ परेको। |
| २०६५ | वडा नं. ३ | खडेरी | बड्डा पोखरी टाकुरा पोखर्रा सुकेको। |
| २०५२ | वडा नं. ४ | खडेरी | गेला मुल, सुक खोला, बेवरे को मुल सुकेर ५८ घर प्रभाबित। |
| २०५२ | वडा नं. ४ | खडेरी | पधेरा खोला, मोहन खोला, जारी खोलाको मुहान बिस्तारे सुक्दै गयको। |
| २०५३ | वडा नं. ४ | खडेरी | गोगनपानि, पधेरा मुल, गुरगुरे, सल्ले खोला, मोहन खोला मुल सुकेको। |
| २०५६ देखी | वडा नं. ४ | खडेरी | वागमाारा घेलखोला जुकेना खोला मुल विस्तारै सुक्दै गयको। |
| २०५७ | वडा नं. ४ | खडेरी | गोलखोला र जुकेना खोलामा मुल सुकेर ६५ घरधुरी प्रभाबित। |
| २०६५ | वडा नं. ४ | खडेरी | सिर्से खोला मुल सुक्दे जादा २६ घरधुरी प्रभाबित। |
| २०६५ | वडा नं. ४ | खडेरी | पधेरा खोला, मुहान खोला, जरुवा खोला बिस्तारै मुहहान सुक्दै गयको। |
| २०६५ | वडा नं. ४ | खडेरी | पाखापानि जुकेना, घोरटे कमरी मुल सुक्दे गयको। |
| २०६८ | वडा नं. ४ | खडेरी | खुल बाङग खोला, सुआ धारी, एक्ले पिपल मुल सुकेको जसले २५ घरधुरी लाइ असर पुगेको। |
| २०७० | वडा नं. ४ | खडेरी | अधेरी खोलामा मुल सुक्दैजादा ४० घर प्रभाबित। |
| २०४९ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. ३ मा खडेरी बाट ५०० रोपनी जग्गाको १० लाख वरावरको क्षती। |
| २०६० देखि | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. २ मा रादन खोलाको मुहान सुख्खा हुदै गएको। |
| २०६० देखि हालसम्म | वडा नं. ५ | खडेरी | साबिक सारी वडा नं. ८ को पुरै खडेरी लागि वाली नाली उत्पादनमा कमी। |
| २०६१ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न.४ को कुवाखोला मुहान सुकेकोले ४ वटा धाराहरू वन्द भएको। |
| २०६३ र २०६९ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. ८मा भई खानेपानीमा असुविधा,पशुचौपायलाई खुवाउने पानीको असुविधा। |
| २०६५ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. २ मा जरुवाखोलाको पानीको मुल सुकेको। |
| २०६५ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. ६ मा १०० रोपनी जग्गामा गहु खेतिमा असर परेको। |
| २०६५ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. ६ मा १०० रोपनी जग्गामा गहु खेतिमा उत्पादन लिन नसकेको। |
| २०६५ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न.६ जरुवाखोलाको मुहान सुक्दा अन्यत्र मुलबाट पानी ल्याउन वाध्य। |
| २०६८ देखि २०७२ | वडा नं. ५ | खडेरी | साबिक सारी वडा नं. ७ खडेरी परि खानेपानीको अभाव। |
| २०६९ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. १ सरोजामा १२ घरधुरीले खाने पानी सुक्दै गएकोले खानेपानीमा समस्या। |
| २०६९ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. ८ मा जुकेखोलाको मुहान सुक्दै जादा खा.पा.को अभाव। |
| २०७१ | वडा नं. ५ | खडेरी | साबिक सारी वार्ड न. ६मा वाहविसे वाफिएको। |
| २०६८ | वाड न ६ | खडेरी | पानीको मुहान सुक्दै जादा खेतमै पानी लगाउन रातभरी कुर्नु पर्ने अवस्था, सालाबाङ वगुवा खोलामा पानी नहुनाले ५० रोपनी खेत बाँफै रहेको पानसिर मुहान र तुषारावासको मुहान सुकेको यसले गर्दा सालावाङमा पानीको अभाव। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६९ | वाड न ६ | खडेरी | १५ प्रतिशत जति खेत बाझै रहेको,२०७० साल भन्दा अधि मुहान केही मात्रामा सुकेको तर पुरै नसुकेको। |
| २०७१ | वाड न ६ | खडेरी | पुजा, कुता खोला खापा मुहान केहि मात्रामा सुकेकोले २ महिना पानी को समस्या। निङला खानेपानी को मुहान को धेरै मात्रामा पानी सुकेको गइटी धारा खेत लगाउने पानी नपर्दा ५० रोपनी खेत बाँझो रहेको । नेवारे मुल सक्दै जाँदा खानेपानी को समस्या पहिलेको पानीको मुहान खन्दा २०० मिटर तल झरेको स्थानीय जन सम्पर्क प्रा वि तिमिलेमा खानेपानी को समस्या जलुके खानेपानी पधेरा को पानी सुकेको, टोरेखोला खानेपानी मुहान सुक्दै गएको। |
| २०७२ | वाड न ६ | खडेरी | जलुकेखोला सिचाई मुहान ठुला वारी,लाम्पाटा वारीमा उत्पादनमा असर गरेको। |
| २०६५ | वाड न ७ | खडेरी | खारखोलाको पानी मुहान सुकेको, धाङ्जा खोलाको पानीको मुहान सुक्दै जानाले माण्डवी नदीबाट पानी खान बाध्य भएको।<br>सरीखोला मुहान सुकेको २०७० मा मकै राम्रो संग नफलेको, पानी नभएर ४ हेक्टर जग्गा प्रभावित, तापखोलाको पानी सुक्दा १ हेक्टर खेत बाँझै रहेको। |
| २०७१ | वाड न ७ | खडेरी | जिउते पानीको मुहान सुकेको हुदा खानेपानीको समस्या |
| २०६८ | वाड न ७ | खडेरी | खडेरीको कारण ४०० रोपनी जग्गा बाँझै रहेको । मुहान सुकेको, पानसीर खोलाको मुहानमा कमि आएको। |
| २०७० | वाड न ७ | खडेरी | पानसिर खोला सुकेको हुदा आकासे पानीको भर पर्नु परेको। |
| २०७१ | वाड न ७ | खडेरी | भूमेथान खा.पा. मुहान सुकेको पानीको समस्या वढेको। |
| २०६४ | वडा नं. ८ | खडेरी | डुरेखोला पधेरा खोला पन्जापी खोला सुक्दै आयको |
| २०६४ | वडा नं. ८ | खडेरी | सातमुले पधेरा, दुटेखोला, मुङग्रे खोला बिस्तारै सुक्दै गयको। |
| २०६५ | वडा नं. ८ | खडेरी | पधेरो, डुग्री, खोला, अधेरी खोला बिस्तारै सुक्दै गयको। |
| २०६७ | वडा नं. ८ | खडेरी | सातमुले, चुरो खोला, पधेरा खोला सुक्दै गयको। |
| २०६८ | वडा नं. ८ | खडेरी | सातमुले मुल सुक्दै गयको। |
| २०७० | वडा नं. ८ | खडेरी | साकुले, रिपाहाखोला, मौधारा सल, साउनि खोला, सुक्दै गयको। |
| २०७० | वडा नं. ८ | खडेरी | सातमुले मुल सुक्दै गयको। |
| २०७० | वडा नं. ८ | खडेरी | सातमुले सुकेपधेरा मुल सुक्दै गयको। |
| २०७२ | वडा नं. ८ | खडेरी | चुरेखोला सुकेको। |
| २०७२ | वडा नं. ८ | खडेरी | गउँपोखरीको पोखरी सुकेको। |
| २०७३ | वडा नं. ८ | खडेरी | बराही,गाउ,कोल पाटा, सैने पोखरी सुक्दै गयको। |
| २०७३ | वडा नं. ८ | खडेरी | ५० घरधुरी पानिको समस्यामा। |
| २०६८ | वडा नं. ९ | खडेरी | पधेरा, धप खोला, चिसापानि, सिधेनि खोलामा मुल सुकेको। |
| २०६८ | वडा नं. ९ | खडेरी | जुकेना, सुजी खोला, सुजी खोला, सारकी खोला सुक्दै गयको। |
| २०७० यता | वडा नं. ९ | खडेरी | जयपानी मुन्तीर मात्थेर, पधेरा खोला कुवा खोला मुल सुकेको। |
| २०७० | वडा नं. ९ | खडेरी | सुन पोखरी, छेडा पोखरी, तिम्लेनी, झग्रीसथान, मौलागाडे पोखरी सुक्दै गएको। |
| २०७० | वडा नं. ९ | खडेरी | खुरी खोला, वैसा खोला, पातले खोला पधेरी खोला मा मुल सुक्दै गएको। |
| २०७० | वडा नं. ९ | खडेरी | कुवा चौर, खुट्रीखोला, ओखरेनि, गोगन पानी मुल सुकेको। |
| २०७० | वडा नं. ९ | खडेरी | हेरुमखोला, गोगन पानी, दुरी खोलामा पानिको मुहान सुक्दै गयको, पिउनको साथै सिंचाईको लागि पानीको अभाब भएको। |

### अनूसुची ४ : स्वर्गद्वारी नगरपालिकाका आगलागिका तथा वन डढेलोका घटनाहरू र सोका असर तथा प्रभावहरू

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६१ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ३ मा शिव कुमार पुनको घर, गोठ, लत्ताकपडा, पैसा, अन्न जल्दा रु १ लाख ३० हजार बराबरको क्षति भएको। |
| २०६२ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ९ मा दल बहादुर पुनको घर जल्दा घरमा रहेको अन्न, काठपात जली रु १ लाख, मान बहादुर पुनको घर जल्दा रु ५० हजारको क्षति भएको। |
| २०६२ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. २ मा पदम सापकोटा गोठ जल्दा भैसी ५, काठपात गरी रु ५ लाख बराबरको क्षति भएको। |
| २०६३ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ५ मा टेक बहादुर रोकाको घर, गोठ जल्दा रु ३ लाख को क्षति भएको। |
| २०६३ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ५ मा शम्सेर विष्टको घर जल्दा अन्न,लत्ताकपडा, जलि रु १ लाख बराबरको क्षति भएको। |
| २०६३ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ७ मा आगलागी भै अन्न, लत्ताकपडा,रु ५० हजार नगद, रु ३ लाख बराबरबो क्षति भएको साथै ५०० रोपनी वन जल्दा रु १ लाख बराबरको क्षति भएको। |
| २०६४ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. २ मा लोक बहादुर ठेडी मगरको घर जल्दा लत्ताकपडा, अन्न, पैसा तथा भाडाकुडा जल्दा रु ३ लाख बरावरको क्षति भएको। |
| २०६५ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ४ मा रोम बहादुर पुन को घर,गोठ जल्दा गाई ४, बाखा ५, कुखुरा १०, लत्ताकपडा जल्दा रु २ लाख बराबरको क्षति भएको। |
| २०६६ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ५ मा पर्शुराम खत्री को घर, जल्दा लत्ताकपडा, काठपात,पैसा जल्दा रु १ लाख क्षति भएको। |
| २०६८ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. २ मा खिम बहादुर पुनमगर को घर, गोठ, लत्ताकपडा, भाडाकुडा, गहना, गाई ३, बाखा ५, कुखुरा १२,१ तोला सुन, गरी ५ लाख बराबर क्षति भएको। |
| २०६९ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ५ मा केशर जिसीको घर जल्दा अन्न, काठपात, गाई १, जल्दा रु १ लाख बराबरको क्षति भएको। |
| २०६९ | वडा नं. १ | आगलागी | साबिक कोचिबाङ्ग वडा नं. ८ मा दुर्ग बहादुर सुनार र बिष्णु सुनारको को घर जल्दा अन्न काठ, लत्ताकपडा जल्दा रु २ लाख ५० हजार बराबरको क्षति भएको। |
| २०७० | वडा नं. १ | आगलागी | बुदुराम पाण्डेको घर गोठ जल्दा रु १ लाख बराबरको क्षति भएको। |
| २०७० | वडा नं. १ | आगलागी | शेर बहादुर थापाको गोठ जल्दा दारपात जलेर रु ५० हजार बराबरको क्षति भएको। |
| २०७१ | वडा नं. १ | आगलागी | टोप बहादुर जिसीको गोठ जल्दा रु २ लाख बराबरको क्षति भएको। |
| २०४५ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ५ मा खड्क विक को १ घर, लत्ताकपडा,अन्न गरी रु ४ लाख बराबरको क्षति भएको। |
| २०५२ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. १ मा तुकमान राना, अमर सिंह रोका मगर लगायत ५ जना ५ घर, ५ गोठ, अनाज र लत्ताकपडा जम्मा जम्मी १४ लाख पचास हजार बरावरको क्षति भएको, २ वटा गोरु र २ वटा भैसी मरेका। |
| २०५२/२/१ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ७ मा भिम ब बुढा को एक घर आगलागी भई रु २ लाख बराबरको क्षति भएको। |
| २०५७ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. १ मा नरवहादुर राना, तिथमणी राना, रेमेता घर्तिमगर र मान वहादुर घर्ति मग को ४ घर, ४ गोठ, एक तोला सुन, ८ वटा बाखा जलेको अन्दाजी ८ लाख पचास हजार बरावरको क्षति भएको। |
| २०५८ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ६ मा चन्द्र ब घर्तीको १ घर, १ गोठ लत्ताकपडा र अन्न जली रु १ लाख ५० हजार को क्षति भएको। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६१ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ७ मा लिला बहादुर घर्ती को १ घर जलेर रु२ लाख बराबर को क्षति भएकोल। |
| २०६२ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ७ मा नाम बहादुर घर्ती को १ घर १ गोठ,२ बाखा, १५ कुखुरा गरी रु २ लाख बराबरको क्षति भएको। |
| २०६३/२ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ६मा जोख ब घर्ती को १ घर, १ गोठ, लत्ताकपडा, ७, रु १ लाख ५० हजार रूपैया,१ तोला सुन जल्दा रु ६ लाख बराबर को क्षति भएको। |
| २०६३ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ३ मा राम ब पुन को एक घर, एक गोठ, १ तोला सुन जली रु ५ लाख बरावरको क्षति भएको। |
| २०६३ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ३ मा मने सुनार र गिर व सुनार को २ घर, १ गोठ जलेको भैसी घाइते भएको रु ३ लाख बरावरको क्षति भएको। |
| २०६५ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ३ मा बागेसल्ला का बुद्धिराम पुनको घरमा आगलागि भई अन्नपात कपडा जलेको। |
| २०६५ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. २ मा पिमा पुनको एक घर, अन्न लत्ताकपडा जलेर रु ३ लाख बरावरको क्षति भएको। |
| २०६५ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ५ मा कृष्ण अधिकारीको १घर, १ गोठ अन्न लत्ताकपडा जलेको रु ३ लाख को क्षति भएको। |
| २०६६ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ९ मा नन्दराम विक को १ घर, अन्न लत्ताकपडा जलेर रु १ लाख ५० हजार,हिरालाल बुढाथोकीको १ घर, अन्न लत्ताकपडा गरी रु २ लाख बराबरको क्षति भएको। |
| २०६७ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ९ मा रूपलाल विक को १ घर,अन्न लत्ताकपडा जलेर रु २ लाख ५० हजार बराबरको क्षति भएको। |
| २०६७ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ४ मा शसिराम विक को १घर, १ गोठ जलेर रु २ लाख बरावरको क्षति भएको। |
| २०६७ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ६ मा कमल भण्डारी को १ घर, १ गोठ, लत्ताकपडा, अन्न जलेको रु २ लाख बराबरको क्षति भएको। |
| २०६८ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ९ मा टेक ब पुन मगरको १ घर लत्ताकपडा, अन्न भाडाकुडा जलेर रु ३ लाख बराबरको क्षति भएको। |
| २०६८ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ८ मा मनिराम पुनको १ घर, १ गोठ, ३ वटा गाई, १५ वटा कुखुरा, लत्ताकपडा र अन्न जलेर रु ४ लाख बरावरको क्षति भएको। |
| २०६८ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ७ मा भोपलाल बुढाको घरमा आगलागी भई १ घर, १ गोठ, १२ वटा कुकुरा, २ वटा गाई जलेको। |
| २०६८ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ६ मा गिर बहादुर परियारको १ घर जलेको रु ५० हजार बराबरको क्षति भएको। |
| २०६९ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ६ मा ओमलाल रानाको १ घर, लत्ताकपडा, अन्न जलेको रु ३ लाख बराबरको क्षति भएको। |
| २०६९ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ९ मा नमराज रानाको १ घर, १ गोठ, ३ वटा गाई जलेर रु २ लाख बराबरको क्षति भएको। |
| २०६९ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ४ मा जंग बहादुर बोमपालको एक घर, एक गोठ, विस बाटको सोलर १ तोला सुन जली रु ४ लाख बरावरको क्षति भएको। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०६९ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ८ मा पूर्ण व पुन को १ घर, १ गोठ, अन्न लत्ताकपडा जलेर रु ३ लाख ५० हजारको क्षति भएको। |
| २०६९ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ५ मा चन्द्र बहादुर घर्तिको १ गोठ जलेको रु ५० हजार बराबर क्षति भएको। |
| २०६९ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ६ मा ओमलाल रानाको १ घर, लत्ताकपडा, अन्न जलेको रु ३ लाख बराबरको क्षति भएको। |
| २०७० | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ५ मा जुठी पुन मगरको १ घर जलेको रु ५० हजार बरावरको क्षति भएको। |
| २०७० | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ४ मा ओजे विक को १ गोठ जलेको रु १ लाख ५० हजार बराबरको क्षति भएको। |
| २०७१ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ४ मा भेषराज भण्डारीको घरमा आलागि आधा तोला सुन, अन्न कपडा जलेको। |
| २०७१ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ७ मा सोभाराम बुढाको गोठ जली ४ वटा गोरु १ वटा गाई जलेको, गोवरधन बुढाको घरमा आगलागी भई अन्न, कपडा, सोलार र रु ३०००। रूपैया क्षति भएको। ओम बहादुर सुनारको घर आगलागी हुदा आन्न, कपडा जलेको। |
| २०७१ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. २ मा पूर्ण व. पुनको घर गोठ जलेको र घरमा भएको सरसामान जलेको। |
| २०७२ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. २ मा दिल ब घर्तीको घर गोठ जलेको |
| २०७२ | वडा नं. २ | आगलागी | साबिक स्वर्गद्वारी गा बि स वडा नं. ५ मा विष्णी रानाको घरगोठमा आगलागि विस बाटको सोलार नस्ट भएको। |
| २०४३ | वडा नं. ४ | आगलागी | ५ घर जलेर नस्ट भएक्ो करिब ५लाखको क्षती। |
| २०७३ | वडा नं. ४ | आगलागी | ३८ घर सुनार टोल आगलागी भइ जलेको जसमा नगद, जिन्सी पसु मरेको करिब ३० लाखको क्षती। |
| २०५८ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न ३ मा १ घर जलेको। |
| २०५९ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ८ मा २२ वटा वाख्रा,२ गोरु,३० कुखुरा जलेको। |
| २०६० | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ८ मा १ घर गोठ जलेको रु २ लाख वरावरको क्षति। |
| २०६२ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ५ २१ घर गोठ जलेको रु १ करोड वरावरको क्षति। |
| २०६२ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ४ मा ८ घर गोठ जली रु१५ लाख वरावर क्षति। |
| २०६५ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ५ को १ घर जलेको। |
| २०६५ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ९ मा १ घरगोठ जलेको। |
| २०६६ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ८ मा २ र वटा भैसि,१ कुकुर र नगद रु १६००० जलेको। |
| २०६७ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ९ मा ३ घर जलेको र २ वटा गोरु जलेको। |
| २०६८ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न ३ मा वसन्त सुनारको र तुके कामी र प्रेम खडका घर आगलागि भएको १९००० जलेको । |
| २०६९ | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न ३ मा कामी टोलजिते कामीको घर र नगद ८५ हजार जलेको। |
| २०७० | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ५ को १ घर जलेको। |
| २०७० | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ४ मा १ घर जलेको । |
| २०७० | वडा नं. ५ | आगलागी | साबिक सारी वार्ड न. ८ मा २ घर गोठ जलेको। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
| --- | --- | --- | --- |
| २०६७ | वाड न ६ | आगलागी | जुगराज गोराथोकीको १ घर गोठ जल्दा नगद रु ५० हजार, १ तोला सुन, ३ मुरी मकै जलेको। जंगलल आगलागी हूँदा १५ विघा जंगल काठपात खोटो रु ५०हजार बराबर जलेको। |
| २०६९ | वाड न ६ | आगलागी | वोमलाल पुनको आगलागिले गर्दा १ वटा सोलार प्यानल नष्ट। |
| २०७० | वाड न ६ | आगलागी | जुगराम गुरुङको घरगोठमा आगलागी हुंदा १ भैसी, २ बाख्रा जलेर नष्ट हुंदा रु ४० हजार नगद, ३मुरी धान, ३ मुरी मकै, ३ मुरी गहुँ सहित सबै आवश्यक लत्ताकपडा जलेको। |
| २०७० | वाड न ६ | आगलागी | लोक बहादुर पुन को घर गोठ आगलागी हुंदा २ बोका, १ गोरु,१५ कुखुरा मरेको साथै आवश्यक लत्ताकपडा, कागजात जलेको। |
| २०७० | वाड न ६ | आगलागी | थापाखर्कमा ३ घर, १ गोठ जलेको घर जल्नेहरूमा बम व पुन, धन व रोका,भुपालाल विक, दिर्घ विष्टको सोलार प्यानल जलेको त्यसै गरी सबै गरी ८ मुरी मकै, ६ कुखुरा लगायत लत्ताकपडा आवश्यक कगजात जलेर नष्ट भएको। |
| २०६१ | वाड न ७ | आगलागी | साबिक वडा न ८ को जंगल देखी सुरु भई वडा न ९ को २ घर र गोठ जलेको। हुनाराम परियार को घरमा आगलागी भई आवश्यक कागजात जलेको, लोक बहादुर परियारको घर जल्दा ५० रोपनी जंगल पनि आगलागी भएको थियो। |
| २०६३ | वाड न ७ | आगलागी | नन्दराम सुनार, भुवाने घर्ति,टोप ब विकको घर गोठमा आगलागी हुंदा ७ मुरी मकै, ३० पाथी जौ, लत्ताकपडा जलेर नष्ट भएको। |
| २०६७ | वाड न ७ | आगलागी | हिरालाल गोराथोकी को गोठमा आगलागी हुंदा ३ मुरी मकै जलेर नष्ट, दामोदर गोराथोकीको गोठमा आगलाली ३ मुरी मकै जलेर को, १० रोपनी जंगल मा आगलागी। |
| २०६९ | वाड न ७ | आगलागी | सार्की टोल को ३ घर, ५ गोठ जलेको, चुमान सिंह नेपालीको हात भाचिएको ८० हजार नगद, १ पाठो, आवश्यक कागजात र २५ मुरी गहुँ जलेको। |
| २०७१ | वाड न ७ | आगलागी | गिरु प्रसादको घरमा आगलागि भै लत्ता कपडा जलेको। |
| २०७२ | वाड न ७ | आगलागी | रानीटारमा गिता रिजालको घरमा आगलागि अन्नपात लत्ता कपडा जलेर नष्ट। |
| २०६५ | वडा नं. ८ | आगलागी | ४ घर जलेको धनजनको नस्ट। |
| २०६३ | वडा नं. ९ | आगलागी | १ घर जलेर १ जनाको मृत्यू। |
| २०६३, २०६४, २०६८ | वडा नं. १ | वन डढेलो | साबिक कोचिबाङ्ग वडा नं. १ रानीवन कार्जो को २५ प्रतिशत मा आगो लागेको जसमा साना विरुवाहरू तथा जीवजन्तुको मृत्यु हुदा ५ लाख बरावरको क्षति। |
| २०६७ | वडा नं. १ | वन डढेलो | साबिक कोचिबाङ्ग वडा नं. २ लामीधारा बनमा करिब १० हेक्टर वनमा आगलागी हुंदा ६ कि.मि. पाईप जलेको साथै पदम विकको घर जल्दा रु ३ लाख, बल बहादुर विकको घर जल्दा रु २५ हजार र हरिलाला विक ३ लाख बरावरको क्षति भएको। |
| २०६७ | वडा नं. १ | वन डढेलो | साबिक कोचिबाङ्ग वडा नं. ९ को बनमा आगलागी हुंदा सासपोखरीमा ३ विघामा क्षेत्रफल नोक्सान हुँदा रु ५ लाख बरावरको क्षति भएको। |
| २०६८ | वडा नं. १ | वन डढेलो | साबिक कोचिबाङ्ग वडा नं. ६ मा वन डढेलोले विरुवा लगायत किरा जीव जन्तु जलेको र करिब २० लाख बरावरको क्षति भएको। |
| २०६८ | वडा नं. १ | वन डढेलो | साबिक कोचिबाङ्ग वडा नं. ८ को भत्तेडाँडा बनको ५० रोपनीमा आगो लाग्दा विरुवा जीवजन्तु जल्दा ३ लाख बराबरको क्षति भएको। |
| २०७० | वडा नं. १ | वन डढेलो | साबिक कोचिबाङ्ग वडा नं. ९ को वनमा आगो लागी बोटविरुवा,जीबजन्तु जल्दा रु ५ लाख बराबरको क्षति भएको। |
| २०७० | वडा नं. १ | वन डढेलो | साबिक कोचिबाङ्ग वडा नं. १ बुलबुले बनमा २२ प्रतिशत बन जल्दा ७ लाख बरावरको क्षति । |
| २०४८ | वडा नं. २ | वन डढेलो | तरासे, दनमाङ्ग भुल्के वन २५० रोपनीमा आगलागी भएको। |

| साल | वडा नं. | प्रकोप | असर तथा प्रभावहरू |
|---|---|---|---|
| २०५२ | वडा नं. २ | वन डढेलो | राष्ट्रिय वनको २५० रोपनी आगोले जलेर ४ लाख बरावरको क्षति भएको। |
| २०५२ | वडा नं. २ | वन डढेलो | अर्खले वनको २०० रोपनी जल्दा रु २ लाख बराबरको क्षति भएको। |
| २०५५ | वडा नं. २ | वन डढेलो | दनमाङ्ग सामुदायिक वन को करिब १४० रोपनी जंगल जलेको। |
| २०६४ | वडा नं. २ | वन डढेलो | राष्ट्रिय वन भार्मे क्षेत्रमा २२ हेक्टर जंगल जलेको ३ लाख ५० हजार बरावरको क्षति भएको । |
| २०६४/२ | वडा नं. २ | वन डढेलो | भार्के रानीवनमा १०० रोपनी जलेको १क्वीन्टल खोटो जलेको रु ३ लाख बराबरको क्षति भएको । |
| २०६५ | वडा नं. २ | वन डढेलो | राष्ट्रिय वन आगोले जलेको ३००रोपनी जस्मा ४ लाख ७५ हजार बरावरका् क्षति भएको। |
| २०६७ | वडा नं. २ | वन डढेलो | प्रगतिशिल सामुदायिक वनमा आगलागी भएको अएको। |
| २०६८ | वडा नं. २ | वन डढेलो | राष्ट्रिय वनमा आगलागी भएको १लाख ५० हजार बराबरको क्षति भएको। |
| २०६९/१ | वडा नं. २ | वन डढेलो | रानीवनको करिब ८० रोपनी जति जंगल जलेको। |
| २०७१ | वडा नं. २ | वन डढेलो | लाखुरी सा.व.उ.स. आगलागि भएको। |
| २०७१ | वडा नं. २ | वन डढेलो | वनको ३ हेक्टर जंगल जलेको। |
| २०७१ | वडा नं. २ | वन डढेलो | कुसुनधारा वन, पातल वन को २०० रोपनीमा आगलागी भएको ३ लाख बरावरको क्षती भएको। |
| २०७१/१ | वडा नं. २ | वन डढेलो | भुल्के पाखा वनको करिब ३ रोपनी मा जगल जलेको । |
| ०७१/१ | वडा नं. २ | वन डढेलो | स्वर्गद्धारी सा.व.को रामसरी क्षेत्रमा ५० रोपनी जग्गामा आगलागी भएको । |
| २०५६ | वडा नं. ४ | वन डढेलो | सा.ब.को २ न खण्डमा आगलागी। |
| २०६४ | वडा नं. ४ | वन डढेलो | वेओटेपाखा जँगलमा आगोलागी ४ हे जंगलल जलेर नस्ट। |
| २०६५ | वडा नं. ४ | वन डढेलो | वेओटेपाखा जँगलमा आगोलागी २ हे जंगलल जलेर नस्ट। |
| २०६७ | वडा नं. ४ | वन डढेलो | वेओटेपाखा जँगलमा आगोलागी २ हे जंगलल जलेर नस्ट। |
| २०७० | वडा नं. ४ | वन डढेलो | जँगलमा आगो लागेको। |
| २०७३ | वडा नं. ४ | वन डढेलो | सा.ब.उ को २ हेक्टर जलेर नस्ट। |
| २०६३ | वडा नं. ५ | वन डढेलो | साबिक सारी वार्ड न. ९ मा राष्टिय वनमा आगलागि। |
| २०७१ | वडा नं. ५ | वन डढेलो | साबिक सारी वार्ड न. ८ वनमा आगलागि। |
| २०६० | वाड न ६ | वन डढेलो | साबिक बेलबास वडा नं. १को लोहरेभिर, धोजाभिरको २० विघा जंगलमा आगलागी भएर रात भरी जंगलमै बास बसेको १३ जना व्यक्तिको कपाल जलेको। |
| २०७१ | वाड न ६ | वन डढेलो | साबिक बेलबास वडा नं. १ को बर्षवनमा आगलागी हुँदा पुनाराम सुनारको घरमा आगलागी हुँदा ४ बाख्रा, १ भैसी,१ गाई लगायत घरमा भएका सबै कागजात सहित अन्न जलेर नष्ट भएको। |
| २०६९ | वाड न ७ | वन डढेलो | गडेपाखा सा.व.मा आगलागी करिब ५ रोपनी जलेर नष्ट। |
| २०६० | वडा नं. ८ | वन डढेलो | जंगलमा आगोलागेर बिरुवा जलेर नस्ट भयको। |
| २०६९ | वडा नं. ८ | वन डढेलो | जंगललमा लागेको आगो वस्तीमा पुगेर १ घरको धनमाल जलेर नस्ट। |
| २०७० | वडा नं. ८ | वन डढेलो | जंगललमा आगलागी भई बिरुवा जलेको। |
| २०७० | वडा नं. ९ | वन डढेलो | सा.ब तथा १ घर मा आगलागी भयको। |
| २०७२ | वडा नं. ९ | वन डढेलो | बनमा आगलागी आगो निभाउदा २ को मृत्यु। |
| २०७५ | वडा नं. ९ | वन डढेलो | १० जनावर ५ घरधुरी तथा ५० मी पाइपलाइन जलेको |

स्वर्गद्वारी नगरपालिका

प्यूठान, लुम्बिनी प्रदेश

स्वर्गद्वारी नगरपालिका

प्यूठान, लुम्बिनी प्रदेश